## विशेष इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६८-WS-००४२, उत्प्रेषण, परमादेश, *अधिवक्ता ज्योति लम्साल, पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै कानूनमा प्रयुक्त कुनै वाक्यांशलाई मात्र एकांगीरूपमा हेरी संविधानसँग बाझिएको वा नबाझिएको भन्ने व्याख्या गर्न वा निष्कर्षमा पुग्न मिल्दैन । त्यसको लागि  सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ जारी गर्नुपर्नाको पृष्ठभूमि, समाजमा विद्यमान कुनै व्यवहार वा क्रियाकलापलाई रोकथाम, व्यवस्थित वा नियमन समेतका के कुन आवश्यकता र उद्देश्यबाट ऐन ल्याइएको थियो भन्ने जस्ता विषयतर्फ पनि सूक्ष्मतम् ढंगबाट विचार गरिनु आवश्यक हुने ।

कुनै पनि ऐनको उद्देश्य पत्ता लगाउने मुख्य औजार वा साधन त्यसको प्रस्तावना नै हो । सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को प्रस्तावनामा सामाजिक व्यवहारमा भइरहेको बढ्दो प्रतिस्पार्धात्मक भडक र फजूल खर्चमा नियन्त्रण गरी सुधार गर्न वाञ्छनीय भएको भन्ने समेत अभिव्यक्त कुराबाट तत्कालीन नेपालको सामाजिक व्यवहारमा बढ्दो मात्रामा प्रतिस्पर्धात्मक तडकभडक हुने गरेको, त्यसको कारणबाट फजूल खर्चको अवस्था स्थिति सिर्जना भएको भनी सो कुरा नियन्त्रण गरी सामाजिक व्यवहारमा सुधार गर्ने उद्देश्य राखेको स्पष्ट रूपमा देखिन आउँछ । ऐनको दफा २ को खण्ड (क) मा सामाजिक व्यवहार भन्नाले विवाह, व्रतवन्ध, चूडाकर्म, पास्नी, न्वारान, जन्मदिवस, छैठी बूढो पास्नी र पितृकार्य समेतलाई जनाउँछ भन्ने उल्लेख भएकोबाट यी कुराहरूमा समाजमा देखिएको बढ्दो प्रतिस्पर्धा, तडकभडक र फजूल खर्च लगायतका नकारात्मक प्रचलन वा व्यवहारलाई नियन्त्रण वा रोकथाम गर्नकै लागि प्रस्तुत ऐन जारी भएको भन्ने थप प्रष्ट हुन आउने ।

ऐनको दफा ५ को उपदफा (२) को व्यवस्था दाइजो नियन्त्रणकै प्रयासस्वरूप गरिएको व्यवस्था हो भन्ने कुरामा द्विविधामा पर्नुपर्ने कुनै कारण छैन । दाइजोलाई सामाजिक आदर्शका रूपमा स्थापित गरेको वा दिनैपर्छ वा दिनुपर्ने चीज हो भन्ने यस ऐनको आशय र भावना देखिँदैन । ऐन जारी हुनुपूर्वको नेपाली समाजमा दाइजो प्रथा प्रचलनमै नभएकोमा ऐनले यस कुरालाई कानूनी संरक्षण दिई सामाजिक विकृति ल्याएको भन्ने स्थिति छैन । त्यस पूर्वको समाजलाई यस प्रकृतिको समस्याले आक्रान्त पारेको कारण सामाजिक व्यवहारमा सुधार ल्याउनुपर्ने सामाजिक आवश्यकताबाटै यो ऐन जारी गरिएको वस्तुतथ्य र यथार्थतालाई हेक्का राख्नुपर्ने ।

कानूनको प्रभावकारिता र समसामयिक सुधारको बारेमा सबै क्षेत्रका व्यक्तिहरू संलग्न गराई व्यापक रूपमा अध्ययन गरी त्यसको आधारमा कानूनमा सुधार गर्ने, उपयुक्त रणनीति र कार्यक्रम बनाई लागू गर्ने, कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमनको लागि दक्ष जनशक्ति र पर्याप्त बजेटसहितको छुट्टै संरचनाको व्यवस्था गर्ने, दाइजो प्रथाबाट हुने हिँसालाई नियन्त्रण गर्न सो विरूद्धको अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने र सोको लागि राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमलाई प्रयोग गर्ने लगायतका कार्यहरू अविलम्ब गर्नु भनी विपक्षी नेपाल सरकार समेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री प्रकाश वस्ती, मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६८-DF-००१८, सेवाबाट हटाइएको, *योगेन्द्र गिरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

प्रशासकीय अदालत यस संवैधानिक व्यवस्थाअन्तर्गतकै सर्वोच्च अदालत मातहतको निकाय हो । सो अदालतमा कानूनी बाटोबाटै पुगेको नागरिकलाई प्राविधिक कारण देखाएर न्याय प्रदान गर्नबाट विमुख तुल्याउन मिल्दैन । संविधान र कानूनको सम्यक व्याख्याद्वारा नागरिकका हक कानूनबमोजिम संरक्षण गरिदिनु नै न्यायको मूल मर्म हो । साथै जहाँ अधिकार

हुन्छ त्यहाँ उपचारको व्यवस्था पनि गरिएको हुन्छ भन्ने न्यायको मान्य सिद्धान्त रहिआएको छ । उपचार बिनाको अधिकारको कुनै अर्थ हुँदैन । त्यस्तै न्यायिक अधिकारक्षेत्र कहिल्यै पनि शून्यमा रहन सक्तैन । कुनै विषयमा न्यायिक क्षेत्राधिकार छ वा छैन भन्ने प्रश्न उठेमा अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक अधिकारक्षेत्र रहेकै अनुमान गर्नुपर्ने ।

विभागीय सजायउपर दिएको पुनरावेदनमा प्रशासकीय अदालतका सदस्यहरूबीच बहुमत हुन नसकेमा सम्बन्धित पक्षको उपचार प्राप्त गर्ने कानूनी अधिकार नै छैन सो कुण्ठित हुन पुग्दछ भन्ने व्याख्या गर्नु न्याय र विवेक कुनै पनि दृष्टिकोणबाट उचित हुन नसक्ने ।

विद्यमान कानूनका केही व्यवस्थाहरूमा स्पष्टता छैन वा विरोधाभाष देखिन्छ भने सम्बन्धित निकायको ध्यानाकर्षण भई तिनमा समयानुकूल सुधार वा परिमार्जिन गरिनु वाञ्छनीय हुन्छ । तर, त्यसको आधारमा नागरिकको न्यायिक उपचारको मार्ग नै अवरूद्ध भएको अर्थ गर्न मिल्दैन । अतः प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ५(४) को व्यवस्थानुसार यस अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्न मिल्ने ।

पुनरावेदन र साधक यस अदालतको संयुक्त इजलासबाट हेरिनुपर्ने र संयुक्त, पूर्ण तथा विशेष इजलासले हेर्ने भनी नियममा उल्लेख भएबाहेक अन्य विषयका मुद्दा, निवेदन पत्र र प्रतिवेदन एक न्यायाधीशको इजासबाट हेर्नुपर्ने भन्ने कुरा प्रष्ट नै छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ७(घ) को प्रयोग गर्नुअघि संयुक्त इजलासको क्षेत्राधिकार निर्धारण गर्ने नियम ५(क) पनि हेरिनुपर्ने हुन्छ । नियम ५(क) ले साधक पनि संयुक्त इजलासले नै हेर्नुपर्ने क्षेत्राधिकार तोकिएको र यो साधक केवल ज्यानसम्बन्धी मुद्दासँग सम्बन्धित हो भन्ने अर्थ गर्न नमिल्ने भएबाट मिति २०६७।५।६ मा यसै अदालतको संयुक्त इजासबाट भएको आदेश समेत कानूनसापेक्ष नहुँदा कायम रहन नसक्ने ।

साधकका रूपमा पेश भएको मुद्दा संयुक्त इजलासबाट हेरिनुपर्ने भन्ने सर्वोच्च अदालत नियमावलीको नियम ५(१)(क) को स्पष्ट व्यवस्था भएको देखिँदा त्यस्तो प्रष्ट व्यवस्था छोडी अन्य इजलासले हेर्ने भनी नतोकिएको अवस्थामा आकर्षित हुने नियम ७(घ) बमोजिम एक न्यायाधीशको इजलासबाट हेर्नुपर्ने भन्ने अर्थ निकाल्न नमिल्ने हुँदा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ५(४) बमोजिम यस अदालतमा साधक निकासाको लागि मुद्दा पेश हुनसक्ने र त्यसरी पेश भएको साधकमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५(१)(क) बमोजिम संयुक्त इजलासबाट सुनुवाई हुनुपर्ने अवस्था देखिएकोले प्रस्तुत मुद्दाको पूर्ण इजलासको लगत कट्टा गरी बाँकी प्रश्नमा निर्णय गर्न संयुक्त इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल मंसिर ७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** दे.पु.नं. ०६४-CI-०६३३, ०६३४, घर खाली गराई पाऊँ, *लक्ष्मीमाया ह्योङजू समेत वि. रामकुमार ह्योङजू, सुनकुमार ह्योङजू वि. राजकुमार ह्योङजू*

मिसिलसंलग्न विद्युत महसूल कार्ड हेर्दा प्रतिवादी सुनकुमार ह्योङजूको नाममा विद्युत जडान भई निजले महसूल बुझाइआएको समेत देखिन्छ । यसका अतिरिक्त प्रतिवादीहरूले पेश गरेको मिति २०३९।१०।१७ गतेको लिखतमा पनि वादी राजकुमार ह्योङजूका बाबु तथा बाजे समेतले विवादको कि.नं. ८१४ को उत्तरतर्फको ०-४-० जग्गामा रहेको घरमा प्रतिवादी सुनकुमारको हकभोग रहेको तथ्यलाई स्वीकारै गरेको देखिँदा विवादको घरमा प्रतिवादीहरूको हकभोग भई बसोबास गरिआएको भन्ने तथ्य स्थापित हुन आएको र वादीले प्रतिवादीहरूलाई बहाल नलिने गरी सो घरमा बस्न दिएको भन्ने दावी प्रमाणद्वारा स्थापित गर्न सकेको अवस्था समेत नहुँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** दे.पु.नं. ०६४-CI-०६३२, अंश चलन, *लक्ष्मीमाया ह्योङ्जू समेत वि. सुनकुमार ह्योङ्जू समेत*

पुनकुमार र सुनकुमारबीच अंशबण्डा भइसकेको अवस्थामा पुनकुमारका छोरा प्रतिवादी राजकुमार र राजेन्द्र वादीहरूका अंशियार भएको भन्ने नै देखिन आउँदैन । प्रतिवादीमध्येका सुनकुमार र वादीहरू बीच पति पत्नी र बाबु छोराको नाता रहेको देखिएको र निजहरू बीच अंशबण्डा भएको भन्ने नदेखिँदा वादीहरूले निज सुनकुमारबाट मात्र आ-आफ्नो अंश भाग छुट्टयाई लिन पाउने ।

कि.नं. ८१४ को दर्ता स्रेस्ता भिडाउँदा सो जग्गा राजकुमार ह्योङजूको नाममा दर्ता रहेको देखिन्छ । सो कि.नं. ८१४ को जग्गामा साविकमा सुनकुमारको मोही हक रहेकोमा सो जग्गा दाजु पुनकुमारको अंश भागमा परेकोले दाजुको परलोकपछि भतिजा राजुकुमारको नाममा दर्ता भई निजैले जोत कमोद गरिआएको हुँदा मेरो नाममा जोत कायम राख्नु मनासिब नभएकोले मेरो नामको जोत कट्टा गरी दर्तावाला राजकुमारकै जोत कायम गरिपाऊँ भनी निज सुनकुमारले मिति २०४६।४।८ मा दिएको निवेदनअनुसार निजको जोत छोडपत्र सदर गर्ने गरी भूमिसुधार कार्यालय, भक्तपुरबाट मिति २०४६।४।१६ मा निर्णय भएको देखिएबाट सो जग्गा वादीहरूले तायदातीमा देखाएबमोजिम प्रतिवादी सुनकुमारको हकभोगको रहेछ भन्ने देखिन नआउने ।

वादीहरूले बण्डा लाग्ने भनी तायदातीमा देखाएको कि.नं. ८१४ को जग्गा प्रतिवादी सुनकुमारको हकभोगको नदेखिई वादीहरूले अंशियार नरहेका राजकुमारका नाउँमा दर्ता रहेको जग्गा देखिएको हुँदा सो जग्गाबाट वादीहरूले अंश भाग नपाउने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं. ८५९४, लिखत दर्ता बदर दर्ता बदर दर्ता कायम, *चन्दीदेवी यादव समेत वि. गोविन्दराम रुंगटा समेत*

एउटै जग्गाको विषयमा लिखत बदर मुद्दा र जालसाजी मुद्दा दायर भई लगाउमा रहेको अवस्थामा दुबै मुद्दाहरूलाई निरपेक्षरूपमा छुट्टयाएर बिलकुलै भिन्नभिन्न रूपमा हेर्न मिल्ने हुँदैन । लिखत बदर मुद्दा र जालसाजी मुद्दाको प्रकृति र प्रयोजन केही हदसम्म छुट्टाछुट्टै हुने भए तापनि दुबै मुद्दाहरू एउटै कार्य कारण वा जरियाबाट खडा भएका हुँदा दुबै मुद्दाहरू परस्पर सम्बन्धित र अन्तर्प्रभावी नै हुन्छन् । त्यसमा पनि लगाउमा रहेको कुनै मुद्दाको तथ्यको आधारमा लिखत बदर हुनु र जालसाजी नठहर्नु स्वाभाविक र अर्थपूर्ण नै हुनसक्ने हुन्छ । तर, कुनै मुद्दामा जालसाजी ठहर्नु तर लिखत बदर नहुनु प्रयोजनहीन र निरर्थक हुन जाने ।

लगाउको जालसाजी मुद्दालाई हदम्यादभित्रको मानी शुरू जिल्ला अदालतले तथ्यभित्र प्रवेश गरी फैसला गरेको र प्रस्तुत लिखत बदर मुद्दालाई उक्त जालसाजी मुद्दासँग असम्बन्धित रहेको परिणाम निस्कने गरी हदम्यादको आधारमा फिराद खारेज गर्ने गरी गरेको निर्णयबाट दुबै मुद्दाहरूको जरिया र कार्यकारणको अन्तर्सम्बन्ध र परिणामलाई संयोजन गर्न नसकी यान्त्रिकरूपबाट निर्णय गरेको देखिँदा लगाउको जालसाजी मुद्दामा तथ्यभित्र प्रवेश गरिसकेपछि प्रस्तुत लिखत बदर मुद्दामा हदम्यादको प्राविधिक प्रश्नलाई स्वतः गौण मानी प्रस्तुत मुद्दामा पनि तथ्यमा प्रवेश गरी बोल्नुपर्नेमा हदम्यादको आधारमा फिराद खारेज गर्ने गरेको शुरू सप्तरी जिल्ला अदालतको फैसला त्रुटिपूर्ण देखिन आएकोले सो फैसला बदर गरी पुनः निर्णयका लागि मिसिल शुरू जिल्ला अदालतमा पठाउने गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६१ सालको फौ.पु.नं. ३२३९, जालसाज, *चन्दीदेवी यादव समेत वि. गोविन्दराम रुंगटा समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रिट नं. ०६७-WO-१००५, परमादेश, *गेहेन्द्रबहादुर मल्ल वि. अख्तियार दुरूपयोग अनुसान्धान आयोग समेत*

म्याद तामेली प्रक्रियाको उद्देश्य सम्बन्धित व्यक्तिलाई निजउपर लागेको अभियोग वा निजउपर परेको अन्य कुनै दावीको विषयमा यथासमयमै सुसूचित गराई आफ्नो प्रतिरक्षा गर्न पर्याप्त मौका प्रदान गर्नु हो । यस प्रयोजनको लागि सम्बन्धित व्यक्तिको स्थायी वतनमै मात्र म्याद जारी हुनु पर्दछ भन्ने खालको यान्त्रिक नियम लागू गर्नुको औचित्य पनि हुँदैन । सम्बन्धित व्यक्तिले त्यस्तो सूचना यथासमयमा प्राप्त गर्नु चाहिँ महत्त्वको हुने हुँदा निजको स्थायी वतनभन्दा बाहेकको बसोबास गरिआएको स्थानमा पनि म्याद जारी गरी तामेल गर्न सकिने नै हुँदा निवेदक बसोबास गरिआएको वतनमा अदालतबाट जारी भएको समाव्हान म्याद र सोको मिति २०५९।८।६ मा भएको तामेली समेत बेरीतको भन्ने नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. २०६७-CI-०६०१, घर उठाई जग्गा खिचोला चलन, *सत्येन्द्र महतो समेत वि. नारायणप्रकाश महतो*

न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गत यस अदालतमा मुद्दा दोहोर्‍याई हेर्नको लागि दिइने निवेदनसम्बन्धी कानूनी व्यवस्था पुनरावेदन गर्न पाउने हक जस्तो प्रकृतिको नभएको हुँदा यसरी दिइने निवेदनमा पुनरावेदन अदालतको फैसलामा के कुन कानूनको व्याख्यामा गम्भीर त्रुटि हुन पुगेको हो र यस अदालतबाट प्रतिपादित के कुन नजीर वा सिद्धान्त पालना नभएको हो भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरी निवेदनमा जिकीर लिनुपर्ने हुन्छ । दोहोर्‍याई हेरिपाऊँ भन्ने निवेदनमा सम्बन्धित पक्षले नै कुनै कानूनको त्रुटि भएको वा नजीरको पालना नभएको भन्न वा देखाउन नसकेकोमा यस अदालतबाट निस्सा दिँदा निवेदन जिकीर भन्दा बाहिर गई उल्लेख गरेका आधारहरूलाई मान्न नसकिने ।

मुद्दा दोहोर्‍याउने आदेशमा कुनै कानूनको त्रुटि भएको कुरा उल्लेख नभएको तथा गलत तथ्यगत आधार उल्लेख भएकोमा त्यस्तो निस्साको आधारमा मुद्दाको कारवाही अघि बढ्न नसक्ने भनी यस अदालतको पूर्ण इजलासबाट विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भएको अवस्था (*नेकाप* २०५८, नि.नं. ६९८८, पृ. १५५, *नेकाप* २०६२ नि.नं. ७५४८ पृ. ६४६) देखिन्छ । पुनरावेदन अदालतको फैसलामा कानूनको त्रुटि भएको तथा नजीरको पालना नभएको कुरा स्पष्ट रूपमा दोहोर्‍याई पाऊँ भन्ने निवेदनमा उल्लेख हुँदा समेत दोहोर्‍याई हेर्न निस्सामा सो कुरा उल्लेख नगरेको आधारमा मुद्दाको कारवाही अघि नबढ्ने व्याख्या भै रहेको सन्दर्भमा दोहोर्‍याई पाऊँ भन्ने निवेदनमा नै त्यस्तो जिकीर लिन नसकेको अवस्थामा अदालत स्वयंले पक्षको स्थान ग्रहण गरी निवेदनमा दावीभन्दा बाहिर गई निस्सा प्रदान गर्दा ग्रहण गरेका आधारलाई मान्यता दिई मुद्दाको कारवाही अगाडि बढ्न नसक्ने अवस्था मूलतः रहने ।

अदालतबाट नक्साको लागि तोकिएको तारीखमा उपस्थित भई विवाद परेको जग्गा देखाई लेखाई गर्नुपर्ने दायित्व सम्बन्धित पक्षको हुन्छ । भै आएको नक्सा मुचुल्का हेर्दा प्रतिवादी गुरुदयाल नक्सा हुँदा उपस्थित भए पनि नक्साको सम्पूर्ण कार्य सम्पन्न भएपछि रोहबरमा बस्न नमानी तारीख गुजारेको भन्ने व्यहोरा उल्लेख भएको देखिँदा त्यस्तो गैरजिम्मेवार पक्षको जिकीरबमोजिम रीतपूर्वक भएको नक्सालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- दे.पु.नं. २०६७-CI-०६०२, घर उठाई जग्गा खिचोला चलन, *सत्यन्द्र महतो समेत वि. बौधु महतो*
- दे.पु.नं. २०६७-CI-०६०३, जग्गा खिचोला चलन, *सत्येन्द्र महतो समेत वि. मुनीलाल भन्ने मुनी महतो*

- दे.पु.नं. २०६७-CI-०६०४, जग्गा खिचोला चलन, *सत्येन्द्र महतो समेत वि. रामऔतार महतो*
- दे.पु.नं. २०६७-CI-०६०५, घर खाली गराई जग्गा खिचोला चलन, *गुरुदयाल महतो वि. नारायणप्रकाश महतो समेत*

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. २०६९-WH-०००२, बन्दीप्रत्यक्षीकरण, *सन्तोष थापाको हकमा रिमा थापा वि. बालसुधार गृह, कास्की समेत*

कानूनसँगको सम्पर्कमा आउने बालबालिकाहरूलाई अन्य वयस्क व्यक्तिहरूको जस्तो कठोर दण्ड सजाय वा व्यवहार नगरी निजहरूलाई सुध्रने मौका दिइनु पर्ने भन्ने बाल न्यायसम्बन्धी विधिशास्त्रीय मान्यता हो । यस कुरालाई अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनहरूमा पनि उचित स्थान दिइँदै आएको अवस्था छ । तर, बालबालिकाको उमेर, निजले गरेको कसूरको प्रकृति र गाम्भीर्यता जस्ता कुराहरू यस सन्दर्भमा विचारणीय हुने हुँदा १३ वा १४ वर्षको उमेरले पुर्पक्षको लागि प्रदान गरिने सहुलियतमा केही भिन्नताको अवस्था रहन जाने भए पनि दुबै अवस्थामा अन्य वयस्क व्यक्तिसँग प्रहरीको थुनामा राख्न मिल्ने हुँदैन । १४ वर्षको उमेरका बालबालिकाले प्रचलित कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राख्नु पर्ने कसूर गरेको अवस्थामा पनि प्रहरीको थुनामा राखिने नभई बाल सुधार गृहमै पठाइन्छ । निवेदकलाई पनि प्रहरीको थुनामा राखेको भन्ने नदेखिई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको भनी बाल सुधार गृहमा सम्म पठाइएको अवस्था देखिन्छ । बाल सुधार गृहलाई कारागार वा प्रहरीको थुनाकै रूपमा लिन मिल्ने नभई सुधार गृहका रूपमा लिनुपर्ने ।

बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको छ, छैन भन्ने कुरासम्म हेरिने हो । मुद्दा हेर्ने अधिकारीबाट पुर्पक्षको निमित्त थुनामा राख्ने गरी भएको आदेशको कानूनी पक्ष हेरिने हो । विवादास्पद तथ्यको निरोपण सम्बन्धित मुद्दाको इन्साफको रोहमा गरिने हुँदा निवेदक सन्तोष थापा मगरलाई गैरकानूनी रूपमा थुनामा राखिएको भन्ने अवस्था नदेखिई मुद्दा हेर्ने अधिकारीको आदेशबाट मुद्दाको पुर्पक्षको निमित्त बाल सुधार गृहमा राखेको र सो आदेशको सामान्य न्यायिक क्षेत्राधिकारअन्तर्गत तह-तह जाँच परीक्षण समेत भएको भन्ने देखिन आएकोले निवेदन जिकीरअनुरूप बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** ०६८-WO-०४३३, उत्प्रेषण परमादेश, *कृष्णबहादुर तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

बढुवासम्बन्धमा निर्णय गर्ने अधिकार सम्पन्न मन्त्रिपरिषद्ले निर्णय गर्दा प्रस्ताव अपूर्ण भए पूर्ण गराउने र आवश्यक ठानेको सूचना तथा जानकारीहरू माग गर्ने, प्राप्त गर्ने र निर्णयका विकल्पकहरूको छनौट गर्ने पूर्ण अधिकार निर्णयकर्तामा स्वाभाविक रूपले रहन्छ । गृह मन्त्रालयबाट प्रस्ताव पेश हुने र मन्त्रिपरिषद्बाट निर्णय हुने भए पनि गृह मन्त्री समेतका मन्त्रीहरू समग्र मन्त्रिपरिषद्को सदस्य हुने भएकोले मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने र निर्णय गर्ने कुरालाई छुट्ट्याएर फरक फरक निकायको कार्यको रूपमा विश्लेषण गर्न मिल्ने देखिँदैन । गृह मन्त्रालयबाट मन्त्रिपरिषद्मा निर्णयका लागि प्रस्ताव पठाउने प्रक्रिया पनि निर्णय प्रक्रियाकै अंश भएकोले मन्त्रिपरिषद्बाट निर्णय हुने प्रक्रियालाई समग्रतामा लिनुपर्ने हुन्छ । यसबाट बढुवाको निर्णयसम्बन्धी प्रस्तावमा निवेदकहरूको नाम समावेश नहुनु गृह मन्त्रालयको मात्र निर्णय नभएर समग्र मन्त्रिपरिषद्को निर्णय रहेछ भनी मान्नुपर्ने ।

मन्त्रिपरिषद्मा निर्णयका लागि प्रस्ताव पेश हुने र निर्णय गर्ने सम्बन्धमा कानूनले सामान्य मार्गदर्शनसम्म गरेको अवस्थामा विद्यमान कानूनी व्यवस्था र स्थापित मान्यताविपरीत नहुने गरी मन्त्रिपरिषद्ले आफ्नो कार्यविधिलाई नियमित गर्ने निश्चित् हदसम्मको स्वतन्त्रता रहने हुँदा त्यस्तो प्रक्रिया यस्तै हुनुपर्छ भनेर अदालतले भन्न पनि मिल्दैन ।

यसरी प्रष्ट कानून स्थापित प्रचलनको अभावमा मिति २०६८।७।१७ मा गृह मन्त्रालयबाट मन्त्रिपरिषद्द्वारा प्रचलित कानून र कार्यविधि र प्रचलनअनुसार सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरूको बढुवासम्बन्धी मन्त्रिपरिषद्मा प्रस्तुत गरिएको प्रस्तावमा बढुवाका लागि सबै सम्भावित उम्मेद्वारहरूको नाम समावेश नभएको वा निवेदकको नाम समावेश नभएको कारणले मात्र मन्त्रिपरिषद्को उक्त निर्णय कानूनद्वारा स्थापित प्रक्रिया विपरीत रहेछ भनी मान्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०१३०, परमादेश समेत, *दानप्रसाद राई वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

कर्मचारीको बढुवा र स्तरवृद्धि भनेको फरक-फरक विषय हुन् । स्वास्थ्य सेवा ऐन, २०५३ र ऐ.को नियमावली, २०५५ ले स्तरवृद्धि र बढुवाको लागि भिन्नभिन्न आधारहरू निर्धारण गरेको पाइन्छ । स्तरवृद्धि बढुवा जस्तो रिक्त स्थान पूर्ति गर्ने प्रक्रिया होइन । त्यसैले स्तरवृद्धिको प्रक्रियाबाट माथिल्लो पदनाम प्राप्त हुने भन्दा पनि जुन पदमा कार्यरत् रहेको छ त्यसैमा स्तरीकरण हुँदै निश्चित् कार्य अनुभवको आधारमा तह वृद्धिसम्म गरिने हो । उपर्युक्त विषयलाई लिएर यस अदालतको विशेष इजलासबाट संवत् २०६५-WS-००२६ निवेदक सुनीता खनाल समेत विरूद्ध स्वास्थ्य सेवा विभाग समेत भएको मुद्दामा मिति २०६६।११।१० मा संवत् २०६५-WS-००२९ निवेदक मनिर आलम अन्सारी विरूद्ध स्वास्थ्य सेवा विभाग समेत भएको मुद्दामा मिति २०६६।१०।७ मा स्तर वृद्धि हुँदैमा माथिल्लो पदनाम पाउन सक्ने नदेखिने भनी आदेश भएको छ ।

कुनै पनि सेवाको पदनाम प्राप्तिका लागि सो सेवाको तह वा श्रेणीसँग सम्बन्धित अनुभव र तालिमका अतिरिक्त शैक्षिक योग्यता आवश्यक पर्ने कुरामा विवाद हुन सक्दैन । स्वास्थ्य सेवाको जनशक्तिले प्रत्यक्षतः मानिसको स्वास्थ्यसँग सम्बन्धित रही काम गर्नुपर्ने भएबाट यसको अझ बढी आवश्यकता पर्ने हुँदा स्तरवृद्धि भएको आधारमा मात्र निवेदकलाई पदनाम प्रदान नगरेको विपक्षीको कार्यलाई निवेदकको दावीअनुरूप ऐन कानून विपरीतको हो भनी भन्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६५-WO-०५५७, परमादेश, *करमबहादुर चौधरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६७-WO-०७२६, उत्प्रेषणयुक्त परमादेश, *शिवप्रसाद तिवारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६६-WO-१२७४, प्रतिषेध, परमादेश, *पुनमकुमारी कर्ण समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०५५८, परमादेश, *मोहन देवकोटा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

कर्मचारीको बढुवा र स्तरवृद्धि भनेको फरक-फरक विषय हुन् । स्वास्थ्य सेवा ऐन, २०५३ र ऐको नियमावली २०५५ ले स्तरवृद्धि र बढुवाको लागि भिन्न-भिन्न आधारहरू निर्धारण गरेको पाइन्छ । स्तरवृद्धि बढुवाजस्तो रिक्त स्थान पूर्ति गर्ने प्रक्रिया होइन । त्यसैले स्तरवृद्धिको प्रक्रियाबाट माथिल्लो पदनाम प्राप्त हुनेभन्दा पनि जुन पदमा कार्यरत् रहेको छ त्यसैमा स्तरीकरण हुँदै निश्चित् कार्य अनुभवमा आधारमा तह वृद्धिसम्म गरिने हो ।

स्वास्थ्य सेवाको पदनामको विषयलाई लिएर परेको रिट निवेदनमा शैक्षिक योग्यता, तालिम र अनुभवका सम्बन्धमा इन्द्रनारायण यादव समेत विरूद्ध स्वास्थ्य मन्त्रालय समेत भएको संवत् २०६५-WO-००७१ को मुद्दामा यस अदालतको पूर्ण इजलासबाट

मिति २०६५।८।२६ मा आदेश हुँदा माथिल्लो तह वा पदका लागि तोकिएको शैक्षिक योग्यता नभएमा सि.अ.हे.व. पदनाम पाउन नसक्ने भन्ने सिद्धान्त कायम भएको परिप्रेक्ष्यमा समेत स्तरवृद्धि भएको आधारमा मात्र निवेदकलाई पदनाम प्रदान नगरेको विपक्षीको कार्यलाई निवेदकको दावीअनुरूप ऐन कानूनविपरीतको हो भनी भन्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-१०५३, उत्प्रेषणयुक्त परमादेश, *रामबहादुर विष्ट वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

आफ्नो मातहत निकायका कर्मचारीले पदनामको सम्बन्धमा दिएको निवेदनउपर कानूनबमोजिमको प्रक्रिया अपनाई जो जे ठहर्छ, यथासमयमा निर्णय दिनु विपक्षीहरूको कानूनद्वारा निर्दिष्ट कर्तव्य एवं दायित्व रहेकोमा विवाद देखिँदैन । तर प्रस्तुत विवादमा रिट निवेदकले अस्पताल क्लीनर सहायक चौथो पदमा स्तरवृद्धि भएपछि अ.हे.व.को लागि निर्धारित योग्यता पुगेकाले अ.हे.व. का पदनामको लागि विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दिएको निदेदनउपर स्वास्थ्य सेवा ऐन तथा नियमावली समेतका आधारमा पदनाम प्रदान गर्न मिल्ने नमिल्ने के हो निर्णय दिनुपर्ने सो निर्णय गरेको नदेखिएकाले विपक्षीहरूले निर्दिष्ट कर्तव्य र दायित्व पालना गरेको नदेखिएबाट रिट निवेदकको अस्पताल क्लीनर सहायक चौथोबाट अ.हे.व. सहायक चौथो पदमा परिवर्तन गरी पदनाम प्रदान गरिपाऊँ भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दिएको निवेदनउपर आवश्यक कारवाही गरी मागबमोजिमको पदनाम दिनुपर्ने हो होइन भन्ने सम्बन्धमा अविलम्ब निर्णय गर्नु भनी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CR-०५५२, भ्रष्टाचार, *मुरारीप्रसाद पराजुली वि. नेपाल सरकार*

भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि उक्त ऐनमा सो विषयमा हदम्यादै नतोकिएकोले ऐनमा हदम्याद नतोकिएकोमा जहिलेसुकै मुद्दा दायर गर्न मिल्ने हुन्छ । वारदात हुँदाका अवस्थाको साविक ऐनअनुसारको हदम्याद व्यतीत नभई नयाँ वा संशोधित ऐन लागू भएको अवस्थामा प्रचलित ऐनअनुसारको हदम्यादअनुसार मुद्दा दायर गर्नलाई कुनै कानूनले व्यवधान गरेको पाइँदैन । यस मुद्दामा कसूर हुँदाको समयमा भ्रष्टाचार निवारण ऐन, २०१७ प्रचलित रहेकोले कसूर सम्बन्धमा मागदावी लिँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) दुबै ऐनअनुसारको सजायको दावी लिएको देखिए पनि उक्त भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को हदम्यादसम्बन्धी व्यवस्था स्वाभाविक रूपले कार्यविधिसम्बन्धी कानूनको व्यवस्था भएको हुँदा प्रचलित नयाँ ऐन भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार मुद्दा दायर गर्न हदम्याद समाप्त भएको नदेखिने ।

प्रमाणपत्र जारी गर्ने आधिकारिक संस्थाबाट प्रमाणीकरण भै लेखी आएको व्यहोरालाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिन अस्वीकार गर्नुपर्ने कुनै युक्तियुक्त कारण प्रतिवादीले देखाउन सकेको पाइँदैन । प्रमाणपत्र जारी गर्ने आधिकारिक संस्थाबाट विवादित शैक्षिक योग्यताको प्रमाणपत्र अनुत्तीर्ण हो भनी लेखी आएको अवस्थामा प्रतिवादीले पेश गरेको प्रमाणपत्र सक्कली रहेछ भन्न सकिने अवस्था नदेखिने हुँदा प्रतिवादी मुरारीप्रसाद पराजुलीलाई अभियोग माग दावीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूरमा सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू. २०००।- (दुई हजार) जरीवाना हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सेना

इति संवत् २०६९ साल असोज ९ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-००७४, उत्प्रेषण, परमादेश समेत, *लक्ष्मीबहादुर चालिसे वि.श्यामकुमार भट्टचनको मु.स. गर्ने साधना भट्टचन समेत*

निवेदकलाई अदालती बन्दोवस्तको १९३ नं. ले प्रत्याभूत गरेको पुनरावेदन गर्न पाउने कानूनी हक भएको कुरातर्फ सामान्य हेक्कासम्म नराखी निजको नाममा पुनरावेदनको म्याद रीतपूर्वक तामेल नै नभएको अवस्थामा बिगोतर्फ कारवाही चलाई उक्त बिगोको कारवाहीमा म्याद बुझ्न इन्कार गरेको र निज बस्ने गरेको घरमा म्याद टाँस गरेको भन्ने तर्क देखाई निजलाई पुनरावेदनको म्याद दिन परेन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।२८ मा भएको आदेशलाई विवेक र कानूनसंगत भन्न नमिल्ने।

लेनदेन मुद्दामा यी रिट निवेदकका नाममा अदालतबाट जारी भएको पुनरावेदकको म्यादमा उल्लिखित असन टोल १५ नं. वडामा पर्दैन भनी फिर्ता भएको अवस्थामा निजको नाममा पुनः म्याद जारी गर्न सकिने प्रक्रिया अवलम्बन गरी पुनरावेदन गर्न पाउने हक अधिकारको प्रत्याभूति गर्नुपर्नेमा सो नगरी वतन नै नमिली म्याद फिर्ता भएको विषयलाई अनदेखा गरी स्वयं पक्षले पुनरावेदन गर्ने म्याद पाऊँ भनी अदालतमा निवेदन गर्दा समेत निजलाई पुनरावेदनको म्याद दिन इन्कार गरेको देखिएको हुँदा पुनरावेदन गर्न पाउने पक्षको कानूनबमोजिमको विवादरहित अधिकारलाई कुण्ठित गरेको देखिने।

अदालतबाट न्याय निरोपण गर्ने क्रममा कानूनअनुरूप अवलम्बन गर्नुपर्ने कार्यविधिको सम्बन्धमा हुन गएको त्रुटि सच्याउन सक्ने गरी मौकैमा अदालतलाई जानकारी हुन आएपछि त्यसलाई मनन गरी पक्षको हनन भएको अधिकारलाई आत्मसात गरी उपचार दिने कार्य अगाडि बढाउनु पर्नेमा पुनरावेदनको म्याद नै रीतपूर्वक तामेल नै नगरे नभएको अवस्थामा बिगोको कारवाही चलाई सो कारवाहीमा म्याद बुझ्न इन्कार गरेको भनी पुनरावेदनको म्याद नै नदिई अदालतबाट भएको गलत कार्यको पुष्टि गर्दै उल्टै पक्षको गल्ती देखाउन खोजेको अदालतको कार्यलाई उचित र न्यायसंगत मान्न नसकिने।

रिट निवेदकलाई अ.बं. १९३ नं. अनुसार पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित नै रहेको र निजलाई रीतपूर्वकको पुनरावेदनको म्याद दिएको नदेखिनुको साथै प्रस्तुत मुद्दामा उल्लेख गरेको लेनदेन मुद्दा पुरानो भई उक्त मुद्दाको छिटो निरोपण गर्नुपर्ने अवस्था देखिएकोले यो आदेश प्राप्त भएका मितिले १५(पन्ध्र) दिनभित्र यी रिट निवेदक लक्ष्मीबहादुर पालिखेले उल्लिखित लेनदेन मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसलाउपर पुनरावेदन दर्ता गर्न ल्याएमा लिई नियमानुसार पुनरावेदन दर्ता गरी कारवाही गर्नु भनी विपक्षी पुनरावेदन अदालत, पाटनको नाममा परमादेश समेत जारी हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-००७१, कीर्ते जालसाजी, *नेपाल खानेपानी संस्थान केन्द्रीय कार्यालय, त्रिपुरेश्वर काठमाडौं वि. राधा थापा समेत*

खानेपानी संस्थानको तर्फबाट कुनै कर्मचारीको दस्तखत र छाप लगाएको नदेखिई केवल व्यक्तिगत रूपमा लेनदेन गरी सोको निस्साबापत दिएको घरायसी कागज जस्तो भर्पाईलाई समर्थन गर्ने आधार र प्रमाण पुनरावेदक प्रतिवादी नेपाल खानेपानी संस्थानको तर्फबाट पेश हुन नसक्नुको साथै कार्यालयको तर्फबाट अमुक कामको लागि रकम निकासा भै खर्च हुँदा खडा हुने बिल भौचर वा डेबिट, क्रेडिटको कुनै पनि रेकर्ड नभएको र पेश भएको भर्पाइमा संस्थानका कर्मचारीको दस्तखत र छाप समेत नभएको अवस्थामा सो भर्पाईलाई आधिकारिक प्रमाणयोग्य मान्न नमिल्ने।

विवादित भर्पाई लिखतमा लागेको रेखात्मक र लेखात्मक सहीछाप समेत लिखत गरी दिने कारणीको सही छापसँग नमिल्ने नभिड्ने भन्ने विशेषज्ञको राय समेत भएको हुँदा उपरोक्त मिति २०४४।९।७ को मुआब्जा बुझेको भनेको भर्पाईलाई आधिकारिक र प्रमाणयोग्य मान्न मिल्ने अवस्था नदेखिने हुँदा मिति २०४४।९।७ मा मुआब्जा बुझेको भनेको भर्पाईको कुनै आधिकारिक मान्यता हुन नसक्ने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६९ साल भदौ २४ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६७-WO-०७४५, उत्प्रेषणयुक्त परमादेश, *प्रेमबहादुर सिँह समेत वि. मालपोत कार्यालय, धनुषा समेत*

व्यक्ति व्यक्तिको बीचमा भएको आर्थिक लेनदेनसम्बन्धी विवादमा कसैको ठाडो उजुरी स्वीकार गरी जग्गा रोक्का राख्न आदेश दिने समेतको कार्य गरी व्यक्तिको साम्पत्तिक अधिकारमा हस्तक्षेप गर्न जिल्ला प्रशासन कार्यालयलाई कुनै कानूनले अधिकार प्रदान गरेको देखिँदैन । कुनै पनि जग्गामा निर्विवाद रूपले हक प्राप्त भएको व्यक्तिले त्यस्तो जग्गा बिक्री व्यवहार गरी वा अन्य कुनै व्यहोराले पनि हक हस्तान्तर गर्नको लागि लिखत पारीत गर्न आएमा कानूनबमोजिमको कारण भएमा बाहेक लिखत पारीत गर्न इन्कार गर्न सक्ने अधिकार मालपोत कार्यालयको नहुने ।

शान्ति सुरक्षा कायम राख्ने विषयमा बाहेक कसैको निर्विवाद हकभोगको अचल सम्पत्ति रोक्का राख्नेलगायतका कार्य गरी कुनै पनि व्यक्तिलाई निजको साम्पत्तिक अधिकार उपभोग गर्नबाट रोक्न सक्ने गरी सम्बन्धित कानूनले जिल्ला प्रशासन कार्यालयलाई कुनै अधिकारै नदिएकोमा त्यस्तो अधिकारविहीन निकायको आदेश पालन गरेर कानूनले आफूलाई तोकी दिएको कार्य नगरी मालपोत कार्यालयले निवेदकहरूको जग्गा रजिष्ट्रेशन पारीत गरी दिन इन्कार गर्न कानूनतः मिल्दैन । राज्यका हरेक निकायले आफ्नो अधिकारको प्रयोग गर्दा ऐन कानूनको परिधिभित्र रहेर मात्रै गर्नु पर्दछ । कानूनी आधार बिनाको कार्यले कुनै मान्यता प्राप्त गर्न नसक्ने हुँदा विपक्षी रामतोलादेवी कापरले दिएको निवेदनमा रोक्का राख्न मालपोत कार्यालयलाई लेखी पठाउने भनी गरेको तोक आदेश र सोबमोजिम जग्गा रोक्का राख्न मालपोत कार्यालयलाई लेखेको जिल्ला प्रशासन कार्यालयको मिति २०६२।०८।०२ को पत्र अधिकारक्षेत्रविहीन देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । रजिष्ट्रेशन गर्न आए विपक्षीलाई यस कार्यालयमा पठाई दिनु भन्ने जिल्ला प्रशासन कार्यालयबाट प्रेषित मिति २०६७।०७।१० को पत्र समेत अधिकारक्षेत्रविहीनको भई कानूनी अस्तित्व शून्य स्थितिको देखिँदा सो पत्र समेत कार्यान्वयन नगर्नु, नगराउनु । साथै कानूनबमोजिम बाहेक निवेदकहरूका जग्गा रजिष्ट्रेशन पारीत गरी दिनबाट रोक लगाउने लगायतको अधिकारविहीन अन्य कुनै निकाय वा कार्यालयको आदेश निर्देश वा अड्डोटबमोजिम समेत कुनै पनि किसिमको कार्य नगर्नु, नगराउनु भनी मालपोत कार्यालय, धनुषाको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल साउन २९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नम्बर ०६८-CI-०१९८, लेनदेन, *कल्याण पिया समेत वि. रिलायन्स पेपर मिल्स प्रा.लि. का तर्फबाट अधिकारप्राप्त सञ्चालक श्यामसुन्दर अग्रवाल*

वादीले आफ्नो व्यवसायको सम्बन्धमा नियमित रूपमा राखेको लेजर तथा वही खाताबाट देखिएको विवरणलाई कानूनअनुसार मान्यता नदिने भन्ने अवस्था देखिन आउँदैन । पुनरावेदक प्रतिवादीकै पसलमा काम गर्दै आएका र यस मुद्दामा साक्षीको रूपमा उपस्थित भई बकपत्र गर्ने सोमबहादुर राईको बकपत्रबाट पनि वादी प्रतिवादीबीच व्यावसायिक कारोवार हुने गरेको तथ्यलाई उल्लेख गर्दै हिसाब किताब लेजर खाताले देखाउने कुरालाई स्वीकार गरेको नै पाइन्छ । परन्तु, पुनरावेदक प्रतिवादीले वादीलाई बुझाउन बाँकी रहेको रकम बुझाएको देखिने प्रमाण पेश गरेको नदेखिएको समेतका आधारमा उल्लिखित तथ्यगत परिवेश तथा वादी प्रतिवादीको व्यावसायिक कारोवार, पेश गरिएका लेजर, चलानी, सामान प्याकिङ्ग सूची समेतका कागजातहरूलाई दृष्टिगत गर्दा प्रतिवादीले दावीबमोजिमको रकम बुझाएको नदेखिने ।

दावीको रकमको १५ प्रतिशत ब्याजको समेत दावी गरेकोमा शुरूले १० प्रतिशत ब्याज भराउने ठहऱ्याएकोलाई तथा पुनरावेदन अदालतले मान्यता दिएको देखिन्छ । वादीले करार ऐन, २०५६ को दफा ४०,४३, ४६, ५१, ५५ एवं लेनदेन व्यवहारको १ र २ नम्बरलाई टेकी फिराद दायर गरेको अवस्था छ । करार ऐन, २०५६

मा उल्लिखित दफाहरूमा भएको प्रावधानमा वस्तु बिक्रीसम्बन्धी करारको विषयलाई उठाएको देखिन्छ। करारको क्षतिपूर्तिका सम्बन्धमा उक्त दफा ५५(क) मा वस्तु बिक्रीसम्बन्धी करार भैसकेपछि क्रेताले वस्तु स्वीकार नगरेमा वा स्वीकार गर्न इन्कार गरेमा वा वस्तुको मूल्य तिर्न इन्कार गरेमा करारको अधिनमा रही बिक्रेताले क्रेता विरूद्ध वस्तु स्वीकार नगरेको वा स्वीकार गर्न इन्कार गरेबापतको क्षतिपूर्ति दावी गर्न सक्नेलगायतका व्यवस्थाहरू देखिन्छ। यसमा वस्तु बिक्रीसम्बन्धी विवाद नरहेको अवस्था हुँदा उल्लिखित करार ऐनको कानूनी व्यवस्थाअनुरूपको हर्जाना भराउनु पर्ने स्थिति नदेखिँदा वादीले पुनरावेदक प्रतिवादीबाट दावीबमोजिमको रकम मात्र सावा ब्याज भराई लिन पाउने।

इजलास अधिकृतः दीपकुमार दाहाल/विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०१४८, अंश, *अष्टमी थरुनी समेत वि. छेदीराम चौधरी समेत*

सीर्फ अंश दिनु पर्ला भन्ने भयबाट अंशियारभित्रको सम्बन्धबाट स्थापित नातालाई मिति २०३१।८।४ मा गरेको अंशबण्डा मुचुल्काले लोप गरिँदैमा लोप हुन सक्ने हुँदैन। त्यस्तो दूषित कार्यबाट अंश जस्तो नैसर्गिक हकमा कुठाराघात हुन पनि सक्दैन। रीतपूर्वक भएको बण्डापत्रले मात्र मान्यताप्राप्त गर्न सक्ने हुन्छ। तर, अंशियारमध्येका मूल एक अंशियार भिख्खुरामलाई लोप गरी मिति २०३१।८।४ मा जे जस्तो रीतबाट बण्डापत्र भए पनि त्यस्तो बण्डापत्रबाट यी अंशियार वा निजका हकवाला सन्तानको अंश लोप हुन नसक्ने हुँदा दुखरामको पाँच भाई छोरामा भिख्खुराम पनि एक अंशियार रहेको देखिँदा निज समेतका अंशियारहरूको जीयजीयै अंश भाग लगाई बण्डापत्र भएको नदेखिँदा प्रत्यर्थी वादीहरूले आफ्नो पति पिता समेतका मूल पाँच अंशियारमध्येबाट आफ्नो पति तथा पिताले पाउने पाँच भागको एक भाग अंश छुट्टयाई लिन पाउने।

मूल पुरुष दुखरामका भिख्खुराम डगौरा थारू समेतका पाँच भाइ छोराहरू रहेकोमा निज भिख्खुरामलाई लक्ष्मणको छोरा भै वादी प्रतिवादीहरू अलग-अलग पुस्तेवारीका व्यक्ति भएको भन्ने भए पनि दुखराम र लक्ष्मण भिन्दाभिन्दै अस्तित्वका व्यक्तित्व हुन् भनी प्रतिवादीहरूले देखाउन नसकेको र दुखाराम अर्थात् लक्ष्मणकै पाँच भाइ छोरामध्येको भिख्खुराम एकाघरका छोरा हो भन्ने जयरामले मिति २०२१।११।६ मा परिवारको सदस्यमा भिख्खुरामलाई भाइ भनी भरेको १ नं. लगत, गाउँ सर्जमीनका अधिकांश व्यक्तिहरूले भिख्खुराम प्रतिवादीहरूको एकासगोलको अंशियार भन्ने भनाई तथा नातामा वयान गर्ने लसीराम चौधरीको भनाई समेतबाट वादी प्रतिवादीहरू एकै पुस्तेवारीभित्रका एकासगोलका अंशियारभित्रका भन्ने पुष्टि भएको यस अवस्थामा मिति २०३१।८।४ मा अंशियार लोप गरी बण्डापत्र भए पनि अंश नपाउने यी वादीका पति तथा पिताको भाग अंशबण्डा गरी छुट्ट्याई आफ्नो अंश हक सुरक्षित गर्न सक्ने नै हुँदा फाँटबारीबमोजिम ५ भागको १ भाग अंश वादीहरूले प्रतिवादीहरूबाट छुट्ट्याई लिन पाउने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CR-०१५०, बण्डापत्र जालसाज, *अष्टमी थरुनी समेत वि. डौलतिया भन्ने डौरी थरुनी समेत*

नाताको प्रश्नमा विवाद भएपछि कुनै लिखतबाट नाता लोप हुन्छ भने त्यो निरन्तरको दूषित कार्य हुन्छ। अंशको हक कानूनले व्यवस्था गरेको जन्मसँग आएको हक हुनाले त्यस्तो हक मेट्न वा कुनै लिखत कुन मितिमा खडा भएको भन्ने कुराले हदम्यादको प्रश्न उठाई अंश हक नै लोप गर्न दिन मिल्ने हुँदैन। अंशियार देखिन्छ भने अंशियारले आफ्नो अंश बुझेको वा सो हक विधिवत परित्याग गरेको अवस्थामा बाहेक निरन्तर कायम रहने विषय भएकोले अन्य अन्य व्यक्ति भई गरेको लिखतबाट अंशियारको हकमा कुनै अनुचित सीमा शर्त सिर्जना भएको वा हक गुमेको भन्न मिल्ने देखिँदैन। त्यस्तो दूषित कार्य गरेको लिखत थाहा पाएपछि फिराद गर्न पाउने हदम्याद प्राप्त गर्ने नै हुन्छ। अर्थात्

मिति २०३१।८।४ मा भएको अंशबण्डाको कार्य दूषित भै जालसाजीपूर्ण देखिएको छ । यस्तो जालसाजी कार्य गरी गरेको दूषित बण्डापत्रबाट नाता नै लोप हुन्छ भन्ने त्यस्तो दूषित कार्यको विरूद्धमा थाहा पाएपछि हदम्याद प्राप्त हुने भै असर पर्ने पक्षले मुद्दा गर्ने कुनै कानूनले बन्देज नलगाएको यस स्थितिमा मुद्दा गर्न सक्ने र त्यस्तो दूषित बण्डापत्र बदर गरी सो जालसाजी कार्यमा संलग्नलाई सजाय समेत हुने नै हुँदा यस अदालतबाट हदम्यादको आधारमा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान आदेशसँग सहमति हुन सकिएन । अतः पुनरावेदन अदालत दिपायलबाट शुरू अदालतले विवादित मिति २०३१।८।४ मा गरेको बण्डापत्रको कार्यलाई जालसाजी ठहऱ्याई सो बण्डापत्र गर्ने प्रतिवादीमध्येको जीवित रहेको सुदामा भन्ने खुशीराम डगौरा थारूलाई जालसाजीको बिगो रू. १४,०००।- को २५ प्रतिशतले हुने रू.३,५००।- जरीवाना समेत हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०९१५, अंशबण्डा वदर गरी पुनः बण्डा गरिपाऊँ, *सीता खनाल समेत वि. सानीमैया खनाल समेत*

एक पटक आफूले मञ्जूरी दिइसकेपछि अब सोविपरीत अन्यथा जिकीर लिन त्यस्तो पक्ष विवन्धित समेत हुन्छ । फैसला कार्यान्वयन भएपछि मात्र सम्बन्धित पक्षले साँचो अर्थमा न्याय प्राप्त गर्न सक्ने हुँदा एकपटक आफैंले स्वीकार गरी कार्यान्वित गरेको कार्यमा दण्ड सजायको ६१ नं. बमोजिम १५ दिनभित्र उजूर दिन सक्नेमा सो बाटो अवलम्बन नगरी म्याद नघाई आफू समेत संलग्न भै कार्यान्वित गरेको फैसलालाई प्रभावित तुल्याउनु न्यायसम्मत् देखिन्न र विधायिकी मनसाय पनि त्यस्तो नहुने ।

अंशको हक अंशियार भएको नाताले स्वतः प्राप्त गर्ने हक भएको र यसरी अंश मुद्दाबाट प्राप्त गरेको हक प्रचलन समेत स्वयं पक्षहरू मिली आपसी सहमतिको आधार तय गरी आ-आफ्नो भाग बण्डा गरी दा.खा. दर्ता समेत गराई पूर्जा समेत लिई आ-आफ्नो भागमा अंश भाग लिई खाइसकेपछि वा आफूहरूले नै यसरी बण्डा गर्ने भनी सहमति गरी बण्डापत्रको शर्तहरू तय गरी स्वीकार गरी हस्ताक्षर गरेपछि त्यसमा हस्ताक्षर गर्ने सबै पक्षले सोही विषयमा पछि त्यस्तो होइन भन्न नसक्ने विवन्धित हुने प्रमाण ऐन, २०३१ को दफा ३४ मा स्पष्ट कानूनी व्यवस्था समेत देखिँदा वादी प्रतिवादीहरूको संयुक्त दरखास्तको आधारमा मिलापत्र भई फैसला कार्यान्वयनको निश्चित् प्रक्रिया र मापदण्ड पूरा गरी तहसीलदारबाट भएका निर्णयबमोजिम दावीका जग्गा कित्ताकाट भै वादी प्रतिवादीका नाममा दाखेल खारेज नामसारी भएको कार्यमा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-०९१४, जीउनी अंश बदर गरी अंश कायम गरिपाऊँ, *सीता खनाल वि. सानीमैयाँ खनाल समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-०२७६, निषेधाज्ञायुक्त परमादेश, *कञ्चनराज पुरी वि. विद्यालय व्यवस्थापन समिति, श्री फकिरा गिरी राजेश्वर गिरी उच्च माध्यमिक विद्यालय, बारा जीतपुर नगौल समेत*

निषेधाज्ञाको आदेश निर्णय हुनु अगावैको अवस्थामा जारी हुने आदेश हो । तर प्रस्तुत विवादमा निवेदकलाई विद्यालय व्यवस्थापन समितिले साविक खरिदार पदमा नियुक्ति गरिएका कञ्चनराज पुरीलाई पदबाट हटाउने निर्णय गरी सो पदमा कानूनबमोजिम अर्को व्यक्तिलाई नियुक्ति गरिसकेको देखिन्छ । यसरी निर्णय भैसकेको विषयमा आफूलाई विद्यालय व्यवस्थापन समितिले खरिदार पदबाट हटाउन सक्ने आशंका रहेको भनी प्रस्तुत निषेधाज्ञाको निवेदन परेको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

पुनरावेदक कञ्चनराज पुरीलाई श्री फकिरा गिरी रामेश्वर गिरी उच्च माध्यमिक विद्यालय नगौल,

जीतपुर बाराको खरिदार पदमा विद्यालयका तत्कालीन प्रधानाध्यापक सत्येन्द्रनारायण सिँहले विद्यालय स्टाफ मिटिङको मिति २०६४।६।१० को निर्णयबाट साविक खरिदार पदमा पुनर्बहाली गर्ने गरी भएको कार्य कानूनविपरीत भएकोले सो नियुक्ति बदर गर्ने गरी विद्यालय व्यवस्थापन समितिबाट मिति २०६५।४।१६ मा निर्णय समेत भैसकेको अवस्थामा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असोज ४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०७४४, उत्प्रेषण, *कञ्चनराज पुरी वि. विद्यालय व्यवस्थापन समिति, श्री फकिरा गिरी राजेश्वर गिरी उच्च माध्यमिक विद्यालय, बारा जीतपुर नगौल समेत*

आफूले काम गरिआएको पदबाट स्वेच्छापूर्वक विद्यालय व्यवस्थापन समितिसमक्ष राजीनामा दिई स्वीकृत समेत भइसकेको अवस्थामा शिक्षा तथा खेलकुद मन्त्रालयको परिपत्रको हवाला दिई विद्यालयका तत्कालीन प्रधानाध्यापक सत्येन्द्रनारायण सिँहले विद्यालयका शिक्षक, कर्मचारीहरूको स्टाफ मिटिङबाट यी निवेदक कञ्चनराज पुरीलाई साविक खरिदार पदमा पुनर्बहाली गर्ने गरी भएको २०६४।६।१० को निर्णय शिक्षा नियमावली २०५९ को नियम २२(ग) को खण्ड (ख) को कानूनी व्यवस्थाविपरीत रहेको देखिँदा सार्वजनिक विद्यालयको निजी स्रोतबाट तलव भत्ता दिने गरी नियुक्ति भएका यी निवेदकलाई विद्यालय व्यवस्थापन समितिको २०६५।४।१६ को निर्णयअनुसार खरिदार पदबाट हटाउने गरी भएको कामकारवाही कानूनविपरीतको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असोज ४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WO-११३७, उत्प्रेषणयुक्त परमादेश, *हरिन्दर राय यादव समेत वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहल काठमाडौं समेत*

विवादित कि.नं. १२७ को ०-५-० जग्गाको सम्बन्धमा अदालतमा मुद्दा परी कारवाहीको क्रममा रहेको अवस्थामा भूमिसुधार तथा व्यवस्थापन विभागबाट २०६७।१२।४ मा भएको निर्णय एवं सो निर्णय कार्यान्वयनको क्रममा मालपोत कार्यालय, बाराबाट भएको मिति २०६७।१२।२८ को निर्णय मालपोत ऐन, २०३४ को दफा ३२ (ख) को कानूनी व्यवस्था समेतको विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

विवादित कि.नं. १२७ को ०-५-० जग्गाको सम्बन्धमा यिनै पक्ष विपक्षबीच बारा जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको कब्जा छोडाई चलन मुद्दाको रोहबाट निरोपण हुने नै हुँदा सो मुद्दालाई प्रतिकूल असर पर्ने गरी निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असोज ४ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-००३७, परमादेश, *जीतेन्द्रप्रसाद दास वि. शिवदयाल मेहता*

यस अदालतबाट जारी भएको मिति २०६०।१०।१३ को आदेश कार्यान्वयनको सन्दर्भमा परिषद्को सम्बन्धनसम्बन्धी विनियमहरू, २०५५ को नियम २.१.१(ङ) तथा नियम ३.४.२ बमोजिम शैक्षिक योग्यता भएका (स्नातकोत्तर तह उत्तीर्ण) व्यक्तिलाई मात्र शिक्षक, प्रधानाध्यापक प्राचार्य नियुक्ति गर्ने, गराउने व्यवस्था गर्नु भनी उच्च माध्यमिक शिक्षा परिषद् योजना तथा अनुगमन महाशाखाले हरिनगरा उच्च माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई पत्राचार गरेको भन्ने मिसिलसंलग्न उच्च माध्यमिक शिक्षा परिषद् योजना तथा अनुगमन महाशाखाको च.नं. १३७८ मिति २०६४।१०।२० को पत्र तथा च.नं. २७० मिति २०६५।४।२८ को पत्रको छाँयाप्रतिबाट देखिन्छ । यी पुनरावेदक प्रधानाध्यापक जीतेन्द्रप्रसाद दासले व्यवस्थापन समितिको

निर्देशनअनुरूप विद्यालय व्यवस्थापन समितिको बैठक नबोलाएको कारण अदालतको आदेश र कानूनी व्यवस्थालाई पालना गर्न नसकिएको भन्ने व्यहोराको विपक्षी विद्यालय व्यवस्थापन समितिको लिखित जवाफ परेको अवस्था हुँदा लिखित जवाफ व्यहोराबाट समेत उच्च माध्यमिक शिक्षा ऐन, २०४६, उच्च माध्यमिक शिक्षा नियमावली, २०५२ तथा परिषद्को सम्बन्धनसम्बन्धी विनियम, २०५५ ले तोकेबमोजिमको कामकारवाही नभएको र उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा यस अदालतबाट जारी भएको आदेशको समेत पालना भएको भन्ने नदेखिँदा निवेदन मागबमोजिम परमादेश जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०२३८, परमादेश, *पासवान राय यादव समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

पुनरावेदकहरू निजामती सेवाबाट स्वास्थ्य सेवामा परिवर्तन हुँदा राजपत्र अनङ्कित द्वितीय श्रेणीको कोल्डचेन असिष्टेण्ट पदबाट सहायक पाँचौं तहमा तह मिलान भएको भन्ने देखिन्छ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा भएको तेस्रो संशोधनबाट दफा ९ मा थप गरिएको उपदफा (७क) को खण्ड (ज) र (झ) बमोजिम सोही उपदफा (७घ) अनुसार जुन तहबाट स्तरवृद्धि भएको हो सोही काम गर्ने गरी पुनरावेदकहरूलाई अधिकृत छैठौं तहमा स्तर वृद्धि गरिएको भए तापनि पुनरावेदकहरूसँग खोप सुपरभाइजर अधिकृत पदको लागि आवश्यक पर्ने शैक्षिक योग्यता नभएको अवस्था देखिन्छ । स्वास्थ्य सेवाको पदपूर्ति स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ (१) मा गरिएको प्रतिशत निर्धारणको प्रक्रियाबाट मात्र हुन सक्ने देखिएको र स्तरवृद्धिको प्रक्रियाबाट पदपूर्ति हुने कुनै व्यवस्था रहेको नदेखिएको साथै सोको लागि प्रतिशत निर्धारण भएको समेत देखिँदैन । यस्तै विषयवस्तु भएका निवेदक मंनिर आलम अन्सारी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत भएको २०६५-WS-००२९ नं. को उत्प्रेषण परमादेशको रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट "कानूनबमोजिम तोकिएको योग्यता नभएका निवेदकलाई सो पदनाम दिइनु पर्ने भन्ने निवेदन दावी आधारहीन देखिने" भनी रिट निवेदन खारेज हुने ठहरी मिति २०६६।१०।७ मा आदेश भएको देखिँदा उक्त प्रतिपादित सिद्धान्त समेतको आधारमा निवेदन मागबमोजिम खोप सुपरभाइजर अधिकृत पदनाम दिन नमिल्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् ३०६९ साल भदौ रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-१४८७, परमादेश, *चन्द्र सिँह साउद वि. जिल्ला शिक्षा कार्यालय, महेन्द्रनगर कञ्चनपुर समेत*

पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३६ख मा "ऐनको दफा ८ को उपदफा (२) अन्तर्गत निवेदन गर्ने निवेदकले तारीख गुजारी बसेमा कानूनबमोजिम थाम्न पाउन म्याद गुज्रेपछि त्यस्तो निवेदन तामेलीमा राखिनेछ" भन्ने कानूनी प्रावधान भएकोमा उक्त कानूनी प्रावधानबमोजिम समेत प्रस्तुत निवेदन मिति २०६४।७।१४ मा रीतपूर्वक तामेलीमा राखिएको देखिँदा निवेदन तामेलीमा राख्ने गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-१०५१, उत्प्रेषण परमादेश, *सुरेन्द्रबहादुर मल्ल वि. ज्योत्सना श्रेष्ठ समेत*

सम्बन्ध विच्छेद् भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा निजको हक स्थापित हुने, नहुने कुरा हुँदा सो सम्पत्तिमा रिट निवेदक अर्थात् सो मुद्दाको वादीको त्यस प्रकारको सम्पत्तिमा अंश स्थापित हुनसक्ने कुरा नहुनाले उक्त मुद्दाको वादी अर्थात् लोग्नेसँग सो सम्बन्धमा कोर्टफी माग्नु पर्ने कुरालाई औचित्यपूर्ण एवं कानूनसम्मत् भन्न नसकिने ।

वादी सुरेन्द्रबहादुर मल्ल र प्रतिवादी विपक्षी ज्योत्सना श्रेष्ठ भएको सम्बन्ध बिच्छेद् मुद्दामा तायदाती माग भएकोमा लोग्ने स्वास्नीको महलको ४क नं. मा भएको व्यवस्थाअनुसार अंश हक प्राप्त गर्ने वा निजको हक कायम हुने भएमा अंश पाउने पक्षबाट कोर्टफी माग्नु पर्नेमा लोग्ने सुरेन्द्रबहादुर मल्ल वादी भै दायर भएको सम्बन्ध विच्छेद् मुद्दामा वादी पक्षबाट कोर्टफी माग्नु कानूनसम्मत् नभएको हुँदा सो हदसम्म काठमाडौं जिल्ला अदालतको मिति २०६६।९।२३ को आदेश उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । अब कोर्टफी सम्बन्धमा एवं मुद्दाको अन्य कारवाहीहरूका सम्बन्धमा कानूनबमोजिम गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्र.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०६७१, मोही लगत कट्टा, *शेख यार महम्मद वि. गंगारामको मु.स. गर्ने नागेन्द्र साह कानू*

वादी दावीको जग्गाको साविकदेखिको मोही प्रत्यर्थी नागेन्द्र साह कानूका पिता गंगाराम साह कानू रहेकोमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को खण्ड (ग) ले व्यवस्था गरेको म्यादभित्र मोहीको लगत कट्टा गराउने कारवाही नभएको र २०४६ सालमा मृत्यु भैसकेको मोहीमाथि २०६३ सालमा मुद्दा दायर गरी वास्तविक तथ्य समेत लुकाई मोही लगत कट्टा सम्बन्धमा मुद्दा दायर गरेको देखिनाले सर्जमीनको आधार लिई मोही लगत कट्टा हुने ठहऱ्याएको भूमिसुधार कार्यालय, रौतहटको फैसला उल्टी गरी दावीको जग्गाको मोही महलमा रहेको गंगाराम साह कानूका नामको मोही लगत कट्टा गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल भदौ ८ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०६६७, मोही लगत कट्टा, *शेख गनी महमद वि. मु.स. गर्ने नागेन्द्र साह कानू*
- ०६८-CI-०६६८, मोही नामसारी, *शेख गनी महमद वि.मु.स. गर्ने नागेन्द्र साह कानू*
- ०६८-CI-०६६९, मोही नामसारी, *शेख सदाम हुसेन वि. मु.स. गर्ने नागेन्द्र साह कानू*
- ०६८-CI-०६७०, मोही नामसारी, *शेख गनी महमद वि.मु.स. गर्ने नागेन्द्र साह कानू*
- ०६८-CI-०६७२, मोही लगत कट्टा, *शेख सनाम हुसेन वि.मु.स. गर्ने गंगाराम साह कानू*

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको दे.पु.नं. ०८५७, ०८५८, भरपाईको लिखत निर्णय दर्ता कायम समेत, *रुद्रकुमारी देवी शाह वि. पुरण शम्शेर ज.ब.रा., खड्गकुमारी राणा वि. पुरण शम्शेर ज.ब.रा*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(ङ) मा जग्गावाला र मोहीमध्ये एकजनाका नाउँमा मात्र जग्गाको हक कायम गर्ने सकिने भन्ने व्यवस्था भए रहेको देखिन्छ । उक्त दफा २६(ङ) को देहाय १ को (क) को प्रावधान हेर्दा "जग्गावाला वा मोहीमध्ये कुनै एकजनाले आफ्नो भागमा परेको जग्गाको प्रचलित दर भाउले हुने मूल्य बराबरको रकम अर्को पक्षसँग लिई आफ्नो भागमा परेको सम्पूर्ण जग्गा छोड्न मञ्जूर गरेमा त्यस्तो जग्गा लिन मञ्जूर गर्ने व्यक्तिको नाउँमा दर्ता कायम हुन सक्ने व्यहोरा उल्लेख भएको छ भने भूमिसुधार कार्यालयको निर्णयमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(ङ) (१) को आधार लिनुका साथै सोही ऐनको दफा २६(छ) अनुसार दाखिल खारेज गर्ने मालपोत कार्यालयमा लेखी पठाउने भनी उल्लेख भएको पाइन्छ । त्यस्तै दफा २६(च) मा दफा २६(ङ) बमोजिम गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन भनी उल्लिखित गरिएको सो दफाहरूअनुसार भएको निर्णयलाई अन्तिम मान्नुपर्ने ।

नेपाल राजपत्र खण्ड ५३ अतिरिक्ताङ्क ७१ मिति २०६०।११।२२ को भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना १ मा, "श्री ५ को सरकारको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ १ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावाला र मोहीले बाडफाँड गरी लिन निवेदन दिने म्याद २०६१ साल चैत मसान्तसम्म तोकेको छ" भन्ने व्यवस्था गरिएबाट सो म्यादभित्र नै निवेदन दिन बाध्य भएको देखिएकोले अंश मुद्दा पर्दापर्दै बाँडफाँडको निवेदन दिन आएको भनी अर्थ गर्न नमिल्ने ।

मोही र जग्गाधनीका बीचमा जग्गा बाँडफाँड गर्ने सम्बन्धमा भएको कामकारवाही अन्तिम हुने र सोउपर जिल्ला अदालतमा फिराद लाग्ने कानूनी व्यवस्थाको अभावमा दायर भएको फिराद दावी खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. ०८५९, ०८६०, भरपाईको लिखत निर्णय दर्ता कायम समेत, *खड्गकुमारी राणा वि. पुरण शम्शेर ज.ब.रा,. श्रीजंग शाह वि. पुरण शम्शेर ज.ब.रा.*
- २०६४ सालको दे.पु.नं. ०८६१, ०८६२, भरपाईको लिखत निर्णय दर्ता बदर दर्ता कायम समेत, *खड्गकुमारी राणा वि. पुरण शम्शेर ज.ब.रा., मीरा राजेश्वरी सिँह वि. पुरण शम्शेर ज.ब.रा.*
- २०६४ सालको दे.पु.नं. ०८६३, ०८६४, भरपाईको लिखत निर्णर्य दर्ता कायम समेत, *खड्गकुमारी राणा वि. पुरण शम्शेर ज.ब.रा., ईश्वरी शाह राणा वि. पुरण शम्शेर ज.ब.रा*

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा. न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, २०६७ सालको ०६७-CI-०५७९, अंश चलन, *खड्गकुमारी राणा वि. पुरण शम्शेर ज.ब.रा.*

कि.नं. ४३५६ र कि.नं. १४० को घर जग्गा समेतबाट दुई भागको एक भाग अंश वादीले पाउने ठहऱ्याएको सम्बन्धमा हेर्दा यी वादी प्रतिवादी समान हैसियतका आमा नाताका अंशियार भएको कुरामा विवाद छैन । सो सम्पत्ति प्रतिवादीले बकसपत्रबाट प्राप्त गरेको तथा वादी प्रतिवादीहरू एकासगोलमा रहेको बखत नै प्राप्त गरेको कुरामा समेत विवाद छैन । पुनरावेदन जिकीरअनुसारका उक्त सम्पत्ति मुलुकी ऐनमा भएको सातौं संशोधनभन्दा पहिले प्राप्त गरेको र मुलुकी ऐन मिति २०३४।९।२७ मा भएको सातौं संशोधनभन्दा पहिला अंशबण्डाको १८ नं.मा एकासगोलमा रहेको बखत प्राप्त गरेको सम्पत्ति सगोलकै मानिने भन्ने कुरा यस अदालतबाट "वादी दावीको लिखत २०३४।९।२७ अघिको भएको र ज्ञान सीप प्रयासबाट आर्जन गरेको सम्पत्ति अंशबण्डा गर्न कर नलाग्ने कानूनी व्यवस्था २०३४।९।२७ मा मात्र भएको हुँदा हाल लागू अंशबण्डाको १८ नं. लागू हुने अवस्था रहँदैन" (मोतिबहादुर समेत विरूद्ध नेत्रबहादुर समेत *नेकाप* २०४१, पृष्ठ १९०४, हरिबहादुर वि. मु.स. गर्ने धनबहादुर *नेकाप* २०४६, पृष्ठ ९६३) भनी सिद्धान्त कायम भएको हुनाले सोअनुसार समेत यस प्रकारका सम्पत्तिहरूलाई सगोलकै मान्नु पर्ने हुन्छ । तत्काल बहाल रहेको अंशबण्डाको १८ नं. २०३४ सालमा संशोधन भएको र उक्त संशोधन अंशबण्डाको १८ नं. ले Restropective effect दिएको समेत नदेखिने ।

मुलुकी ऐन, सातौं संशोधन भन्दा पहिले बकपत्रबाट पुनरावेदिका प्रतिवादी आमाले प्राप्त गरेका घरजग्गाहरूमा सो समयमा सगोलमा रहेको छोरा प्रत्यर्थी वादी समेतको अंश हक लाग्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०३७२, अंश चलन, *भवानी सुवेदी वि. सरस्वती सुवेदी समेत*

पुनरावेदक वादी भवानी सुवेदीका बाबु नरबहादुर सुवेदी, निजको हजुरआमा डम्बरकुमारी तथा प्रतिवादी हरिबहादुर सुवेदी समेत तीनजना अंशियारहरूका बीच २०१८।७।१५ मा अंशबण्डाको लिखत पारीत भएको मालपोत कार्यालय, ललितपुरको च.नं. १७९७, मिति २०६५।६।९ को पत्रसाथ प्राप्त दण्डपत्रको लिखतको प्रतिलिपिबाट देखिँदा मिति २०१८।७।१५ मा अंशबण्डा भै सो अंशबण्डाको

लिखत रजिष्ट्रेशन पारीत गरी छुट्टी भिन्न भई अलग बसेको तथ्य स्थापित भएको आधारमा काका हरिबहादुर सुवेदी र निजकी पत्नी, छोराहरूउपर वादी भवानी सुवेदीले अंशमा दावी गर्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RC-००४१, *कर्तव्य ज्यान, नेपाल सरकार वि. लालबहादुर सुचिकार*

जाहेरवाला मेखबहादुर र मृतककी बज्यै नाताकी रेवती वि.क.ले गरिदिएको बकपत्र, घटनास्थल प्रकृति मुचुल्का, लासको घाउ चोट विवरण र प्रतिवादीले लेखाई दिएको घटना विवरणसहितको साविती बयानबीच तादात्म्यता रहेको, Autopsy Report मा मृत्युको कारण "The cause of death is due to head injury, भन्ने उल्लेख भई Physical Assault, Head Injury & Death) भन्ने डाक्टरले उल्लेख गरिदिएको र सो प्रतिवेदनमा Vagina swelling Hyman ruptured भन्ने समेत उल्लेख भएबाट यी प्रतिवादीले मृतक बच्ची हेमकलालाई पहिला जवर्जस्ती करणी गरी त्यस घटनालाई लुकाउने उद्देश्यले निकै पाशविक ढंगले कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादी लालबहादुर सुचिकारले मृतकलाई करणी गरी सो घटना लुकाउन घाँटी थिची ढुङ्गले हानी मारेको तथ्य प्रमाणित भएको र निज लालबहादुर सूचिकारको सो कार्य जवर्जस्ती करणी महलको १ र ३ नं. तथा ज्यानसम्बन्धी महलको १ नं. तथा १३(३) नं. समेतको कसूर अपराध भएको हुँदा निजलाई सोही जवर्जस्ती करणीको महलको ३ (१) बमोजिम १० वर्ष कैद र ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद समेत हुने ।

इजलास अधिकृतः वशन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत ३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RC-००४३, *कर्तव्य ज्यान, नेपाल सरकार वि. चिनबहादुर नेपाली समेत*

घटनाको दिन मृतक बेलुकीको खाना खान छिमेकी सानुकान्छीको घरमा गएकीमा राति ११ बजे फर्किदा प्रतिवादीहरू राजु बोटे, चिने नेपाली समेत भई मृतक शोभा नेपालीलाई निजको घरसम्म पुऱ्याउन आएको र राजु बोटे ठूली कान्छीको पिँढीमा पल्टेर बसेको भनी मौकामा कागज गरी अदालतसमक्ष बकपत्र समेत गर्ने मृतका बाबु कुलबहादुर नेपाली, यसबहादुर वि.क. समेतले लेखाई दिएको देखिएबाट वारदातको दिन रातिदेखि नै पूर्व योजनामुताविक प्रतिवादीहरू समेत मिली मृतकलाई पुऱ्याउन मृतकको घरसम्म आएको र तत्पश्चात् अबेर राति २/३ बजेको समयमा मृतक सुतिरहेकको स्थानमा गई सुतिरहेकी मृतकको घाँटीमा तीखो सुइरो रोपी मारेको भन्ने देखिन आउँछ । जुन कुरा मौकामा कागज गर्ने तीलकुमारी पौडेल, कुलबहादुर नेपाली, यसबहादुर वि.क. तथा मृतककी छोरी लक्ष्मी नेपाली समेतले गरिदिएको कागजको अतिरिक्त मृतक आफ्नै घरको पिँढीमा रगताम्य अवस्थामा भेटिएकी भन्ने घटनास्थल प्रकृति मुचुल्का, मृतकको घाँटीको दायाँतर्फ २X१ ईन्च लम्बाई चौडाई र ३ ईन्च गहिराइको चोट रहेको भन्ने लास प्रकृति मुचुल्का तथा "घाँटीको चोटबाट रक्तस्राव भई मृत्यु भएको" भन्ने लास जाँच Autopsy Report रहेको र सो विवरणसँग यी प्रतिवादीहरूले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरिदिएको साविती बयानको तादात्म्यता रहेको समेत देखिएबाट मृतक शोभा नेपालीलाई वारदातको दिन मिति २०६६।२।२४ गते बिहानपख २/३ बजेको समयमा यिनै प्रतिवादीहरू चिनबहादुर नेपालीले खुट्टा समाई दिई राजु बोटेले काठको प्वाल पार्ने तीखो वस्तुले मृतकको घाँटीमा रोपी कर्तव्य गरी मारेको भन्ने तथ्य स्थापित हुन आएको देखिँदा प्रतिवादीहरूमध्ये मृतकउपर काठ प्वाल पार्ने तीखो वस्तुले मृतकको घाँटीमा रोपी कर्तव्य गरी मारेको भन्ने तथ्य स्थापित हुन आएको देखिँदा प्रतिवादीहरूमध्ये मृतकउपर काठ प्वाल पार्ने तीखो औजार रामोले प्रहार गर्ने राजु बोटेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा ऐ.को १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र प्रतिवादी चिनबहादुर नेपालीले आफ्नो मतलव

साँध्नको लागि मृतकको खुट्टा समाई मार्न संयोग समेत पारिदिएको कसूरमा ऐ. महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत ३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CR-०५३७, जवर्जस्ती करणी, *नेपाल सरकार वि.गणेश राना मगर*

प्रतिवादीले जाहेरवालीलाई करणी गरेको कुरा निजका दाजु सदानन्दलाई पनि थाहा भएको हुँदा गर्भ बोकिन्छ भनी दाजुले प्रतिवादीकहाँ दबाई खान लगेको भन्ने तथ्य जोहरवालीकै बकपत्रको स.ज. १३ बाट र प्रतिवादीले गफ गर्ने भनेकाले निजसँग एकान्तमा एक्लै बसेको भन्ने समेत स.ज. १७ बाट देखिँदा प्रत्यर्थी प्रतिवादीले जाहेरवालीलाई जवर्जस्तीबाट करणी गरेको नभई निजको मञ्जूरीबाटै करणी गरेको रहेछ भन्ने देखिन्छ । वास्तवमै जाहेरवालीलाई प्रतिवादीले डरत्रासमा पारी जवर्जस्ती करणी गरेको भए आफूलाई जवर्जस्ती गर्न प्रतिवादीले बोलाएको ठाउँमा जाहेरवाली औषधि खान भनी जानुपर्ने र दोस्रो पटक जवर्जस्ती गर्दा समेत पीडिता चूप लागी बस्नु स्वाभाविकै नदेखिँदा जाहेरवाली १८ वर्ष उमेरको देखिएकी, निजलाई प्रतिवादीले निजको सहमतिबाटै करणी गरेको रहेछ भन्ने पुष्टि हुन आएको हुँदा प्रतिवादीले आरापित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः श्री परशुराम भट्टराई

इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-१५२४, निषेधाज्ञा, *हरिवंश कार्की वि. तपस्थली वृद्धाश्रम, चपली भद्रकाली गा.वि.स. वडा नं. ८ काठमाडौं समेत*

पुनरावेदक चपली भद्रकाली गाउँ विकास समितिले आफ्नै निर्णयबाट तपस्थली वृद्धाश्रम स्थापनार्थ भवन समेत निर्माण गर्न पाउने र वृद्धाश्रम सञ्चालन गर्ने गरी उल्लिखित जग्गा हस्तान्तरण गरी दिइसकेपश्चात् त्यसमा हाल विद्यमान रहेको संरचना समेत उक्त वृद्धाश्रमको निरन्तर उपभोगमा आइसकेपछि उक्त गाउँ विकास समितिले मिति २०६५।१०।१९ को निर्णयानुसार भनी आफूले एक पटक निर्णय गरी भोगाधिकार प्रदान गरिसकेको सो वृद्धाश्रमले चर्चेको खाली जग्गामा पर्खाल समेत निर्माण गरी हाललाई रूख विरुवा समेत लगाउने भनी मिति २०६५।१०।२२ मा पत्र समेत पठाएकोबाट उक्त वृद्धाश्रमले निरन्तर प्रयोग गरिरहेको सो घरजग्गाको भोगाधिकारमा प्रत्यक्ष आघात पर्नसक्ने आशंकाको स्थिति विद्यमान भएको देखिँदा आवश्यकता र सुविधा सन्तुलनको सिद्धान्त समेतको आधारमा विपक्षी वृद्धाश्रमले प्रयोग गरी रहेको भोगाधिकारमा असर पर्ने गरी कुनै पनि प्रकारको क्रियाकलाप तथा हस्तक्षेप नगर्नु नगराउनु भनी गाउँ विकास समितिको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः वसन्तजंग थापा

इति संवत् २०६८ साल चैत २ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-००७७, परमादेश, *स्वास्थ सेवा विभाग वि. नरेशप्रसाद श्रीवास्तव*

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा हेल्थ इन्सपेक्सन समूहअन्तर्गत सि.नं. ४७ मा सहायक चौथो तहअन्तर्गत कोल्डचेन असिष्टेण्ट पदको व्यवस्था गरी सोही पदबाट निवेदक पाँचौं तहमा स्तरवृद्धि भएको देखिन्छ । सो अनुसूचीको सि.नं. ४४ मा कोल्डचेन सुपरभाइजर पद निर्धारण गरिएको देखिँदा कोल्डचेन असिष्टेण्ट पदमा कार्यरत् कर्मचारीको स्तरवृद्धि हुँदा सोही पदसँग समरूप हुने गरी पदनाम कायम हुनु उचित र विवेकसम्मत् (Rational and reasonable) देखिन आउँछ । निवेदकको साविकको पद र सि.नं. ४२ मा उल्लिखित खोप सुपरभाइजर पदले गर्नुपर्ने कामको प्रकृति एउटै हो भनी निवेदकले देखाउन सकेको छैन । स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७घ) मा स्तरवृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको परिप्रेक्ष्यमा समेत कोल्डचेन असिष्टेण्ट पदमा कार्यरत् निवेदकलाई

स्तरवृद्धि गरेपश्चात् असमान कार्य प्रकृतिको खोप सुपरभाइजर पदनाम दिन नमिल्ने।

इजलास अधिकृतः किशोर घिमिरे

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-०७७१, परमादेश, *राधिका घिमिरे वि. जिल्ला प्रहरी कार्यालय, कास्की समेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६ को उपदफा (१) मा तहकीकात गर्ने प्रहरी कर्मचारीले तहकीकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्ने भन्ने व्यवस्था र सोही दफाको उपदफा (२) मा प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले अपराधको तहकीकातको सम्बन्धमा तहकीकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिनसक्ने व्यवस्था रहेको पाइन्छ। तर, लिखित जवाफबाट सरकारी वकील कार्यालयले निवेदकले दिएको जाहेरी दर्खास्तको तहकीकात गर्ने सम्बन्धमा कुनै निर्देशन दिएको भन्ने मिसिलबाट देखिन आउँदैन। यसकारण जिल्ला सरकारी वकील कार्यालय, कास्कीले समेत सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६ को उपदफा २ ले तोकेको जिम्मेवारी पूरा गरेको भन्ने नदेखिने।

संक्रमणकालीन न्याय प्रवन्ध भइनसकेको वर्तमान सन्दर्भमा सामान्य न्याय प्रणाली नै क्रियाशील हुने कुरामा द्विविधा छैन। कारण न्याय र कानून कहिल्यै पनि सुषुप्त हुँदैन। प्रचलित कानूनअनुरूपको न्याय प्रणाली क्रियाशील रहिरहने।

कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी मुद्दाको समयमा अनुसन्धान तहकीकात नगरिएको खण्डमा दण्डहीनताले प्रश्रय पाई सामाजिक संरचना खलबलिन जान्छ। यसैले समयमा नै मुद्दाको अनुसन्धान तहकीकात हुनुपर्ने कुरामा दुईमत हुन सक्तैन। यसै कुरालाई दृष्टिगत गरी विधिकर्ताले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा यथाशीघ्र अनुसन्धान तहकीकात गर्नुपर्ने दायित्व प्रहरीलाई तोकिदिएको पाइन्छ। तसर्थ, विपक्षीहरूले निवेदकले दिएको जाहेरी दरखास्त दर्तासम्म गरी सन्तोषजनक रूपमा अनुसन्धानको कार्य अगाडि नबढाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ द्वारा तोकिएको जिम्मेवारी पूरा नगरेको भन्ने देखिने।

जाहेरी दरखास्त दर्ता भएको करीब ६ वर्षसम्म पनि मुद्दाको अनुसन्धान तहकीकात सन्तोषजनक रूपमा भएको पाइँदैन। तथापि फौजदारी मुद्दामा अपराधको प्रकृतिअनुसार अनुसन्धान तहकीकातको लागि निश्चित् समय सीमा तोकिँदा स्वतन्त्र र निष्पक्षरूपमा अनुसन्धान तहकीकात गर्न नसकिने अवस्था आउन सक्ने।

तीन महिनाभित्र अनुसन्धान तहकीकात सम्पन्न गर्न आदेश दिने गरी देवी सुनार विरूद्ध जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक समेत भएको उत्प्रेषण समेतको निवेदन (*नेकाप* २०६४, असोज नि.नं. ७८५७ पृ. ७३८) तथा सीता कैनी विरूद्ध जिल्ला प्रहरी कार्यालय, तनहुँ भएको ०६८-DF-००१ को परमादेशको निवेदनमा मिति २०६९।३।२८ मा यस अदालतको पूर्ण इजलासबाट आदेश भई सिद्धान्त प्रतिपादन भएको अवस्था समेत देखिन आएकोले प्रस्तुत मुद्दामा पनि अनुसन्धान तहकीकातको सयम सीमा तोक्न उपयुक्त देखिन आउने हुँदा जाहेरी दरखास्तको सम्बन्धमा निम्नबमोजिम गर्नु, गराउनु भनी विपक्षीका नाउँमा परमादेश जारी गरिदिएको छः-

१. यो आदेश प्राप्त भएका मितिले तीन महिनाभित्र निवेदकले दिएको जाहेरी दरखास्तमा उल्लिखित अपराधको अनुसन्धान तहकीकात सम्पन्न गर्नू।
२. उक्त अवधिभित्र अनुसन्धान तहकीकात सम्पन्न हुन नसके सो बेलासम्म सम्पन्न प्रगति विवरणसहित अब के कति अवधि थप हुनुपर्ने हो खुलाई यस अदालतमा जाहेर गरी यस अदालतबाट हुने आदेशबमोजिम गर्नू।
३. अनुसन्धान तहकीकात सम्पन्न भएपछि मुद्दा चल्नसक्ने भए मुद्दा चलाउनु र मुद्दा चल्न नसक्ने भए सोको जानकारी सरकारी वकीलसम्बन्धी ऐन, २०४९ को दफा २० बमोजिम जाहेरवालालाई दिनू।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०६६-CI-०७७२, परमादेश, *भागिरथी घिमिरे वि. जिल्ला सरकारी वकील कार्यालय, कास्की समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**इजलास नं. ८**

१

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. ०६७-CI-००८०, ०३३१, अपुताली हक कायम नामसारी दर्ता, *लिलम पौडेल वि.मु.स.गर्ने र आफ्नो हकमा समेत चक्रबहादुर पौडेल, धर्मप्रसाद पौडेल समेत वि. मु.स. गर्ने र आफ्नो हकमा समेत चक्रबहादुर पौडेल*

श्रीमान् पौडेल अंशबण्डापश्चात् कुनै एक श्रीमती छोरा संगसाथमा बसेको भनी पुष्टि हुन नसकेको अवस्थामा अपुतालीको २ नं. को क्रमकै आधारमा अपुताली हकको दावीकर्ता श्रीमतीहरूमा श्रीमान् पौडेलको अपुताली हक जाने अवस्था देखिँदा मुद्दा दायर गर्दाका अवस्थामा तीन जना श्रीमतीहरू जीवित रहेकामध्ये अ.बं. १३९ नं. बुझिएकी जगतकुमारी पौडेल मुद्दा चल्दैको क्रममा परलोक भई निजका छोरा प्रकाश पौडेलले मुद्दा सकार गरेको देखिँदा मु.स. गर्ने निज प्रकाश पौडेल तथा कान्छी श्रीमती मनमाया पौडेलले पुनरावेदन अदालतबाट भएको फैसलाकै आधारमा अपुतालीमा दावी गरेका बखत तीन भागको एक-एक भाग अपुताली हक पाउने अवस्था हुँदा प्रस्तुत अपुतालीमा फिरादपत्र पेश गरी दावी गर्ने भद्रमाया पौडेलको परलोक भए पनि निजको मुद्दा सकार गर्ने छोरा चक्रबहादुर पौडेललाई ३ भागको १ भाग सम्पत्तिमा हक कायम गरी नामसारी दर्ता हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६७ सालको दे.पु.नं. ०६७-CI-००८१, जग्गा नामसारी हक बेहक, *लिलम पौडेल वि. मु.स. गर्ने र आफ्नो हकमा समेत चक्रबहादुर पौडेल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रि.नं. ०६७-WO-०२०१, उत्प्रेषणयुक्त परमादेश, *सुशीलकुमार शर्मा वि. त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय, कीर्तिपुर समेत*

अन्तिम परीक्षाको परीक्षाफल प्रकाशित भएका मितिले ३ महिनाभित्र थेसीस बुझाउने कार्य सम्पन्न गरेपछि भाइवा कहिले लिने दिने भन्ने कुरा त्रिभुवन विश्वविद्यालय, वार्षिक परीक्षा प्रणालीसम्बन्धी विनियमहरू, २०३७ कहीँ कतै उल्लेख भएको नपाइएको र उक्त भाइवा कहिले लिने दिने हो भन्ने कुरा सम्बन्धित निकायको स्वविवेकको विषय रहेको देखिँदा र त्रिभुवन विश्वविद्यालय वार्षिक परीक्षा प्रणालीसम्बन्धी विनियमहरू, २०३७ को निर्णय नं. ६४(ग) मा व्यवस्था भएअनुरूप यी रिट निवेदक तथा विपक्षी प्रीति श्रेष्ठले अन्तिम परीक्षा नतिजा प्रकाशित भएका मितिले ३ महिनाभित्र नै आफूले पेश गर्नुपर्ने थेसीससम्बन्धी निकायमा बुझाएको पाइएको र रिट निवेदकभन्दा विपक्षी प्रीति श्रेष्ठले ०.१ प्रतिशत बढी अङ्क प्राप्त गरेको देखिएको र यसरी बढी अङ्क प्राप्त गर्ने विद्यार्थी प्रीति श्रेष्ठलाई उल्लिखित पदक प्रदान गर्न गरिएको सिफारिशअनुसार निज प्रीति श्रेष्ठलाई मिति २०६७।५।२३ मपा पदक समेत प्रदान गरिसकिएको कुरा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय समेतको लिखित जवाफबाट देखिएको हुँदा विपक्षी प्रीति श्रेष्ठलाई उक्त नेपाल विद्या भूषण पदक प्रदान गर्ने गरी विपक्षीमध्येका त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय समेतकोतर्फबाट भएको सिफारिशलाई अन्यथा भन्न सकिने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल असोज ५ रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-११६१, ११७२, ११८९, अंश चलन, *शीला श्रेष्ठ समेत वि. कविता के.सी., नानु श्रेष्ठ वि. कविता के.सी., निरञ्जन श्रेष्ठ वि. कविता के.सी.*

व्यक्ति र सम्पत्तिबीचको सम्बन्ध निरपेक्ष नभई सापेक्षित रहेको हुन्छ । पुस्ता वृद्धि हुँदै जाँदा परिवारका कुनै सदस्यको नाममा रहेको आफूखुश गर्न बाँकी निजी सम्पत्ति अन्ततोगत्वा सो परिवारको सगोलको

सम्पत्तिको रूपमा हुदै जाने हुन्छ। साथै पुस्तान्तरण हुने क्रममा परिवारका सदस्यको हैसियत र जिम्मेवारीमा पनि फरक आउँछ। यसै परिप्रेक्ष्यमा अंशियाराहरूको नाममा रहेको कुनै सम्पत्ति बण्डा गर्न कर नलाग्ने निजी सम्पत्ति हो वा बण्डा लाग्ने सगोलको सम्पत्ति हो भन्ने विषय पनि अंशियाराहरूको पुस्ता, नाता र दायित्वमा आधारित सापेक्षित विषय हुने हुनाले सगोलमा रहेको परिवारका सदस्यहरूका हकमा निजी वा सगोलको सम्पत्तिको व्याख्या पनि सोहीअनुरूपमा हुन न्यायसंगत् हुने।

बाबु आमा तथा छोराछोरीको बीच अंशबण्डा गर्दा बाबु आमाको नाममा रहेको सम्पत्तिलाई र लोग्ने स्वास्नीबीच अंशबण्डा गर्दा लोग्नेको सम्पत्तिलाई निजी सम्पत्तिको मान्यता दिने हो भने कानूनले बाबुआमा तथा लोग्नेलाई तोकेको विशेष दायित्व अर्थहीन हुन जाने।

छोराछोरीलाई पालन पोषण गर्नुपर्ने कानूनी दायित्व रहेको बाबु आमाको सम्पत्ति छोराछोरीको हकमा र लोग्नेको सम्पत्ति स्वास्नीको हकमा सगोलको सम्पत्तिको रूपमा रहनु पर्ने र रहने नै देखिन्छ। यसकारण अंशियारको नाममा रहेको आफूखुश गर्न पाउने निजी सम्पत्ति नै भए पनि अंशियारहरू बीचको सम्बन्ध र दायित्वका कारण आफूखुश गर्न बाँकी रहेको सम्पत्ति सगोलको सम्पत्तिको रूपमा कायम हुनसक्ने।

स्त्री अंशधनको ४ र ५ नं. बमोजिम आफूखुश गर्न बाँकी रहेको सम्पत्ति पनि छोराछोरीको निमित्त पैतृक सरह नै हुने देखिन्छ। त्यसकारण प्रतिवादी नानु श्रेष्ठले बकस पाएको सम्पत्तिमा तल्लो पुस्ताको छोरा बुहारी वादीको अंश लाग्न नसक्ने भनी मान्न मिलेन। निजको नाउँमा भएको आफूखुश गर्न बाँकी निजी सम्पत्ति यी वादीको हकमा सगोलको सम्पत्ति नै हुने देखिँदा प्रतिवादी नानु श्रेष्ठको स्त्री अंशधनअन्तर्गतको सम्पत्तिमा वादीको अंश हक नलाग्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकीरसँग पनि इजलास सहमत हुन सक्ने अवस्था नदेखिने हुँदा विवाह हुन बाँकी अंशियाराहरूको विवाह खर्च पर सारी तायदाती फाँटवारीमा उल्लेख भएको सम्पत्तिबाट प्रतिवादी निरञ्जन श्रेष्ठको भागमा पर्न आउने ६ भागको १ भाग सम्पत्तिमध्येबाट आधार भाग अंश वादी कविता के.सी.ले छुट्ट्याई चलन चलाई पाउने।

इजलास अधिकृतः डिल्लीरत्न श्रेष्ठ

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम्।

## एकल इजलास

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०४५०, उत्प्रेषण/परमादेश, *प्रभु पण्डित वि. गाउँ विकास समितिको कार्यालय, गडहिया, सर्लाही समेत*

फैसला कार्यान्वयनको सिलसिलामा रोक्का रहेको कि.नं. २९ को जग्गाको जायजात तायदात मुचुल्का खडा गरी पञ्चकृते मूल्याङ्कन गरी लिलामको कार्य गरेको र मिति २०६९।४।३० मा वादीलाई चलनपूर्जी दिने गरी भएको आदेशानुसार लेखिएको पत्रको आधारमा मालपोत कार्यालय, सर्लाहीले मिति २०६९।६।२ मा विपक्षी रासविहारी पण्डितको नाममा दा.खा. दर्ता गर्ने निर्णय समेत गरिसकेको अदालतबाट तह-तह निर्णय भई फैसला कार्यान्वयनको सम्पूर्ण कार्य समाप्त भइसकेपछि मात्र विवादित सम्पत्तिमा आफ्नो हक पुग्ने भन्दै यी निवेदक प्रस्तुत रिट निवेदन लिई यस अदालतमा प्रवेश गरेको देखिँदा निवेदकले आफ्नो हक लाग्ने भनी दावी लिएको कि.नं. २९ को जग्गामा आफ्नो निर्विवाद हक स्वामित्व रहेको भनी देखाउन नसकेको, अदालतबाट तह-तह फैसला भई फैसलाको कार्यान्वयन समेत समाप्त भइसकेको अवस्थामा यस अदालतबाट रिट क्षेत्राधिकारको प्रयोग गरी अदालतका फैसलालाई नै निष्प्रयोजन हुने गरी सम्पन्न भएको फैसला कार्यान्वयनलाई बदर गर्नु मनासिब नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६९ साल असोज २९ गते रोज २ शुभम्।

## पुनरावलोकन निस्सा

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की र मा.न्या.श्री कमलनाराण दास,** पु.नि.नं. ०६७-RV-०३१८, अंश चलन समेत, *लाक्पा खम्बाछे शेर्पा वि. ओमकुमारी शेर्पा*

वादीले मिति २०२९।२।२० मा विजय मेमोरियल हाइस्कूल डिल्लीबजारबाट प्राप्त गरेको चारित्रिक प्रमाणपत्रमा निजका पिताको नाम पासाङ खम्बाछे शेर्पा भन्ने उल्लेख भएको देखिन्छ । यसैगरी मिसिलसंलग्न लोक सेवा आयोगद्वारा प्रकाशित बगैंचे पदको लागि मिति २०४६।७।११ मा निवेदकले दर्ता गराएको दरखास्त फाराममा समेत पिताको नाम पासाङ खम्बाछे शेर्पा उल्लेख भई मिति २०४८।१।५ मा भरेको निजामती कर्मचारीको नोकरी तथा वैयक्तिक विवरण सिटरोलमा समेत सोही व्यहोरा उल्लेख भएको र कार्यालय प्रमुखका हैसियतमा पासाङ खम्बाछे शेर्पाले नै निवेदकको फोटो समेत प्रमाणित गरेको भन्ने देखिन आउँछ । यसका साथै निवेकले मिति २०४६।३।१८ मा पासाङ खम्बाछे शेर्पाको छोरा भनी जिल्ला कार्यालय काठमाडौंबाट नागरिकता लिएको र मिति २०५३।३।२८ मा जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुबाट निजै पासाङ खम्बाछेलाई पिता देखाई नाता प्रमाणित गराई लिएको देखिएको छ । उपरोक्त नाता प्रमाणित प्रमाणपत्रउपर प्रत्यर्थी ओमकुमारी शेर्पिनी समेतको उजूर परी जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुबाट मिति २०५३।९।११ मा बदर भएकोमा सोउपर निवेदकको यस अदालतमा उत्प्रेषणको रिट निवेदन परी मिति २०५५।११।२५ को आदेशबाट नाता प्रमाणपत्र बदर गर्ने गरेको निर्णय बदर भएको देखिन्छ । साथै यिनै प्रत्यर्थी ओमकुमारीको जाहेरीबाट चलेको लगाउको फौ.पु.नं. ०६५-CR-०१४८ को झूट्टा विवरण दिई नागरिकता लिएको भन्ने मुद्दामा वादी पक्षको दावी नठहरी निवेदक प्रतिवादीले सफाई पाउने ठहरी एकै दिन फैसला भैरहेको परिप्रेक्ष्यमा यी निवेदक वादी लाक्पा खम्बाछे शेर्पा पासाङ खम्बाछे शेर्पाकै छोरा हुन् भन्ने देखिइरहेको अवस्थामा मिसिलसंलग्न उपरोक्त प्रमाण र लगाउको नागरिकता मुद्दामा भएको फैसलाप्रतिकूल प्रस्तुत अंश मुद्दामा नाता सम्बन्ध नै विवादित भएको भनी दावी नपुग्ने ठहऱ्याई भएको यस अदालत संयुक्त इजलासको मिति २०६६।११।१३ को फैसला *नेकाप* २०४९, नि.नं. ४४६७, पृ. १२७, *नेकाप* २०४५, नि.नं. ३३५१, पृ. ९२, *नेकाप* २०४५, *नेकाप* २०४५, नि.नं. ३३६१, पृ. १३३ र *नेकाप* २०५२, नि.नं. ५०२९ पृ. ६९ मा प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०६९ साल मंसिर ८ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-०५३२, उत्प्रेषण समेत, *वरुण हाइड्रो पावर कम्पनी लिमिटेड समेत वि. ऊर्जा मन्त्रालय, सिँहदरवार समेत*

निवेदक बरूण हाइड्रो पावर कम्पनी लि. ले विद्युत उत्पादनको सर्वेक्षण अनुमति नवीकरणको लागि तत्काल प्रचलित रहेको नवीकरण दस्तूरसहित मिति २०६९।५।१३ मा अनुमतिपत्र नवीकरणको निवेदन दिइसकेको अवस्था छलफलको क्रममा प्राप्त भएको सम्बन्धित मिसिल अध्ययन गर्दा देखियो । मिति २०६९।६।१५ को राजपत्रमा सूचना प्रकाशन भई वृद्धि भएको नवीकरण दस्तूर निवेदक कम्पनीको हकमा आकर्षित हुने, नहुने सम्बन्धमा प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय हुँदाका अवस्थामा विचार हुने नै हुँदा हाल निवेदक कम्पनी अप्पर हेवा खोला सा.ज.वि.आ.को विद्युत उत्पादक सर्वेक्षण अनुमति पत्र नवीकरण गरी कार्य गर्न दिन भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल मंसिर १३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६९ सालको रि.नं. ०६९-WO-०३९१, उत्प्रेषण, *लक्ष्मण दहियार वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

निवेदकलाई मन्त्रिपरिषद्को मिति २०६९।५।२८ को निर्णयानुसार सुकुम्बासी समस्या समाधान जिल्ला समिति, मोरङको अध्यक्ष पदमा मिति २०६९।८।१६ गतेसम्मका लागि नियुक्ति गरिएको भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०६६।६।२ मा निवेदकलाई दिएको नियुक्तिपत्रबाट देखिन्छ । सो नियुक्तिलाई कुनै कानूनी आधार उल्लेख नगरी नेपाल सरकार, मन्त्रीस्तरीय निर्णयबाट मिति २०६९।६।३ मा बदर गरी मिति २०६९।६।४ को नियुक्ति बदर गरिएको पत्र निवेदकलाई दिइएको देखियो ।

निवेदकले प्राप्त गरेको नियुक्तिको समायवधि मिति २०६९।८।१६ सम्म रहेको भनी निवेदनपत्रमा नै उल्लेख गरेको देखिँदा उक्त अवधि पूर्व निवेदकलाई सो पदमा रही काम गर्न अवरोध गरेमा सुविधा सन्तुलनको दृष्टिबाट निवेदकलाई अपूरणीय क्षति भई मार्का पर्ने देखिँदा निवेदकलाई उक्त तोकिएको मिति २०६९।८।१६ गतेसम्म सुकुम्बासी समस्या समाधान जिल्ला समिति मोरङको अध्यक्ष पदमा कामकाज गर्न दिनू, नेपाल सरकार, मन्त्रिस्तरको मिति २०६९।६।३ को निर्णय र सोबमोजिमको मिति २०६९।६।४ को पत्रको कार्यान्वयन नगर्नु, नगराउनू भनी विपक्षीहरूका नाममा तत्काललाई अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल मंसिर १३ गते रोज ४ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६९ सालको रि.नं. ०६९-WO-०३९०, उत्प्रेषण, *रामनारायण सिँह राजपुत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६९ सालको रि.नं. ०६९-WO-०३९२, उत्प्रेषण, *कृष्णबहादुर गुरुङ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६९ सालको रिट निवेदन नं. ०६९-WO-०५३३, उत्प्रेषणयुक्त परमादेश, *पूर्णिमाया लामा वि. प्रधानान्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यस अदालतको संवत् २०६८ सालको रिट निवेदन नं. १०९४ को उत्प्रेषण मुद्दामा "पूर्णिमाया लामाको जाहेरी दरखास्तबाट दर्ता भएको कर्तव्य ज्यान मुद्दामा प्रचलित कानूनबमोजिमको अनुसन्धान जारी राखी यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म प्रत्येक १५ दिनमा अनुसन्धान गर्दा कुनै प्रभाव, दवाव र असहयोग भएमा सो समेतको विवरण महान्यायाधिवक्ताको कार्यालयमार्फत् यस अदालतमा प्रस्तुत गर्नु भनी जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक समेतका विपक्षीहरूका नाममा यो आवश्यक र उपयुक्त आदेश जारी गरिएको छ" भन्ने आदेश जारी भइरहेको अवस्थामा मन्त्रिपरिषद्बाट मिति २०६९।४।१२ मा निवेदिकाको जाहेरी निवेदन र निवेदनमा भएको आदेश समेत तामेलीमा राख्ने गरी भएको निर्णय कार्यान्वयन हुन गएमा सुविधा र सन्तुलनको दृष्टिबाट पीडितलाई बढी मार्का पर्ने देखिँदा यस निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त मिति २०६९।४।१२ को मन्त्रिपरिषद्को निर्णयअनुसारका पत्रहरू कार्यान्वयन नगर्नु नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल मंसिर ११ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६९ सालको रिट निवेदन नं. ०६९-WO-०५३९, उत्प्रेषणयुक्त परमादेश, *पूजा जोशी वि. परराष्ट्र मन्त्रालय समेत*

अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा निवेदिकालाई सरुवा गर्ने परराष्ट्र मन्त्रालयको मिति २०६९।८।१ को निर्णय तत्काल कार्यान्वयन हुन गएमा सुविधा सन्तुलनको दृष्टिबाट नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम ७ बाट प्रदत्त चार वर्ष काम गर्न पाउने निवेदिकाको हकमा मार्का परी अपूरणीय क्षति हुनसक्ने हुँदा तत्काललाई परराष्ट्र मन्त्रालयको मिति २०६९।८।१ को निवेदिकाको सरुवा निर्णय कार्यान्वयन नगर्नु, नगराउनू भनी सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल मंसिर ११ गते रोज २ शुभम्।

## रीत/वेरीत आदेश

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-RE-००५५, अंश, *प्रदीप शमशेर ज.ब.रा वि. प्रज्ञान शमसेर ज.ब.रा.*

कि.नं. २९८ र ३२० का जग्गाहरू तत्काल उपलब्ध प्रमाणबाट मानो छुट्टिएको मितिपछि प्राप्त गरेको देखिएको र कोर्टफी लिइएको तायदातीमा सम्मिलित नगराइएको सम्पत्ति समेत देखिँदा पछि ठहरेबमोजिम हुने नै हुँदा हाललाई उक्त सम्पत्ति रोक्का राख्न पर्ने स्थितिको नदेखिएकोले पुनरावेदन अदालत, पाटनका रजिष्ट्रारबाट मिति २०६९।३।२७ मा रोक्का राख्ने गरी भएको आदेश र सो आदेशलाई इजलासबाट मिति २०६९।४।२१ मा परिवर्तन गर्नु परेन भनी भएका आदेश बेरीतको देखिँदा बदर हुने।

इति संवत् २०६९ साल मंसिर ८ गते रोज ६ शुभम्।